जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ८ अंक २६, २०७६ साल कात्तिक ८ गते शुक्रबार, नेपाल संवत् ११३९ (Oct. 25, 2019) Website : www .greaternepal.com.np मूल्य रु. १० ।-

### हार्दिक शुभकामना

नेपालीहरूको महान चाड तिहार, छट साथै नेपाल संवत् ११४० को पावन अवसरमा सम्पूर्ण दाजुभाइ दिदीबहिनी तथा हाम्रा पाठक, विज्ञापनदाता एवं शुभेच्छुकहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । साथै हाम्रो भेट आगामी कात्तिक २२ गते शुक्रबार हुने जानकारी समेत गराउँछौं ।

ग्रेटर नेपाल साप्ताहिक परिवार

### विद्युतमा लगानी बालुवामा पानी

काठमाडौं । जलविद्युत कम्पनीहरुको शेयर किनेर धनी बन्न सकिन्छ भन्दै झूटो सपनाको व्यापार गर्ने प्रवर्तकहरुले सर्वसाधारण जनतालाई नराम्रोसँग ठगेका छन । विद्युत आयोजना प्रभावित क्षेत्रका शेयरबारे केही नबुझेका जनताले लैनो भैंसी, खसी बाखा नाक कानको सुन बेचेर किनेको शेयर बालुवामा पानी खन्याएजस्तो भएको छ । जलविद्युत कम्पनीका प्रोमोटरहरु रातारात करोडौंका मालिक बनेका छन् । साधारण सभाहरुमा लगानीकर्ताको जवाफ दिन नसकी हतार हतार भाग्ने **बाँकी ८ पेजमा**

# पेचिलो बन्दै नागरिकता विवाद



काठमाडौं । पछिल्लो समयमा नागरिकता विषय झन् झन् पेचिलो बन्दै गएको छ । संसदको गत अधिवेशनमा छलफलका लागि सरकारद्वारा प्रस्तुत नागरिकता विधेयकमा दलहरु मतैक्य हुन सकेनन् । विधेयकलाई दलहरुले आआफ्नो प्रतिष्ठाको विषय बनाएको देखियो । संसदमा प्रस्तुत विधेयकमा अंगीकृत नागरिकताका सम्बन्धमा फरक व्यवस्था गर्न खोजिएको छ । सरकार वैवाहिक अंगीकृत नागरिकता प्रदान गरिँदा महिलाको हकमा सात वर्ष र पुरुषका हकमा बाह्र वर्ष कुनुपर्ने प्रावधानका पक्षमा छ र विधेयकमा पनि यही प्रावधान उल्लेख छ । अर्कोतिर सरकारमै सहभागी रहेको समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी वैवाहिक अंगीकृत नागरिकता तत्काल दिनुपर्ने अडानमा छन् । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले नागरिकताका विषयमा आफ्नो स्पष्ट धारणा सार्वजनिक गर्न सकेको छैन । अन्तरिम संविधान २०६३ ले व्यवस्था गरेको नागरिकतासम्बन्धी प्रावधानमै फर्किनुपर्ने धारणा राख्दै कांग्रेस मधेस केन्द्रित दलहरुकै कित्तामा उभिएको छ । मधेसको भोट आकर्षित गर्ने रणनीति कांग्रेसले लिएको विश्लेषण गरिएको छ । नागरिकता जस्तो राष्ट्रियतासँग जोडिएको संवेदनशील विषयमा दलहरुको राय बाझिनु र नागरिकताको प्रावधानलाई खुकुलो बनाउने हो भने नेपाल नयाँ फिजीमा रुपान्तरित हुनेमा कुनै शंका छैन ।

**उदाहरण फिजी**

एसिया प्रशान्त समुद्री क्षेत्रमा अवस्थित फिजी उखु खेती र माछाका लागि संसारभर प्रख्यात छ । सन् १८७४ मा ब्रिटेनले फिजीमा कब्जा जमाएपछि उखु खेतीका लागि त्यहाँ भारतीय श्रमिक पुऱ्याएको थियो । त्यसबेला भारतमा ब्रिटेनले इस्ट इन्डिया कम्पनीका नाममा औपनिवेशिक शासन चलाइरहेको थियो । फिजी १९७० मा ब्रिटिस उपनिवेशबाट स्वतन्त्र थियो । फिजी स्वतन्त्र भएपछि भारतले आफ्ना नागरिकहरु त्यहाँबाट फिर्ता बोलाउनुपर्थ्यो । तर त्यसो गरेन बरु फिजीमाथि नै कब्जा जमाउने रणनीति लियो । सन् १९७७ मा फिजीको नागरिकता हत्याउने नीतिअनुसार निर्णय गराउन भारत सफल भयो । दशकभित्रै सन् १९८७ मा तिमोसी बब्रादको भारतपरस्त सरकार बन्यो फिजीमा । त्यसले धमाधम राष्ट्रिय कानुनहरु परिवर्तन गर्न थाल्यो । ७१ सदस्यीय प्रतिनिधिसभाको नयाँ संसदीय व्यवस्थाको घोषणा गरियो । सन् १९९७ मा आम निर्वाचन गराइयो । सो निर्वाचनमा भारतीयहरुले ३७ सिट र अन्य आप्रवासीले ३ सिट र वास्तविक फिजिसियनहरुले ३१ सिट जिते । ७१ सिटमध्ये ३१ सिट जित्ने फिजिसियनहरु संविधानतः अल्पमतमा परे । यसरी फिजिसियनहरुले आफ्नो देश गुमाए ।

भारतको हरियाणा राज्यका महिन्द्रा चौधरी फिजीको प्रधानमन्त्री बन्न पुगे । चौधरी सरकारले फिजीको कानुनी राजनीतिक र संवैधानिक अधिकारहरु उल्टाउन थाल्यो । राजधानी सुवाल लगायत महत्वपूर्ण सहरहरुबाट फिजिसियनहरु खेदिन थाले । फिजिसियनहरु सहरबजार र आफ्नो आवादी तथा घरबास छोडेर निर्जन स्थानतर्फ धपाइए । विदेशीहरुले सहज नागरिकता पाउने संवैधानिक प्रावधानका कारण फिजीबासी आफ्नै देशभित्रै गुलाम र आन्तरिक शरणार्थी बन्न पुगे ।

देशभक्तिपूर्ण आन्दोलनका प्रणेता जर्ज स्प्राइट कालासुल जस्ता नेतालाई निर्जन टापुमा राखेर दुई वर्षपछि मृत्युदण्डको सजाय सुनाइयो । नागरिकता हत्याउने भारतीय रणनीतिले मौरीसस समेत भारतको कब्जामा पुग्यो । ट्रिनिडाड, गायना र टोबागोमा समेत भारतीय हस्तक्षेप बढ्यो । त्यसको एउटै कारणले काम गरेको थियो त्यो हो नागरिकता । उन्नाइसौं शताब्दीको सुरुतिर ब्रिटिसहरुले चिया कफी मजदुरका रुपमा ठूलो संख्यामा भारतीय तमिल भित्र्याए । सन् १९४६ सम्ममा श्रीलंकामा भारतीयहरुको संख्या झन्डै आठ लाख नाघ्यो । सन् १९४८ मा स्वतन्त्रतापछि **बाँकी ८ पेजमा**

### नेकपामाथि विप्लव समूह खनियो

जाजरकोट । बारेकोट गाउँपालिकाको लिम्सामा हुने नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को गाउँ कमिटीको शपथ ग्रहण गराउन हिँडेका नेतामाथि आक्रमण भएको छ ।

नेत्रविक्रम चन्द समूहका कार्यकर्ताले जिल्लाको नलगाड नगरपालिका खारा र बारेकोट गाउँपालिका-८ लैखमको बीचमा रहेको उकालोमा नेकपाका केन्द्रीय सदस्य नीरज आचार्य र कर्णाली प्रदेश कमिटीका सदस्य डम्बर सिंहमाथि आक्रमण भएको हो ।

आक्रमणमा प्रदेश सदस्य सिंह घाइते भएका थिए । चन्द कार्यकताले दुवै नेताको मोबाइल फोन कब्जामा लिएका बताएको छ । विद्युतीय धराप राखेको भन्दै खच्चड व्यवसायीलाई नलगाड कालीमाटीबाट लेखमसम्मको बाटोमा हिँड्न नदिएको बताइएको छ ।

### व्यापारघाटा बढ्यो

काठमाडौं । सरकारले स्वदेशी उत्पादन बढाएर व्यापार घाटा कम गर्ने बताउँदै आइरहेका बेला मुलुकको वैदेशिक व्यापारमा सुधारको संकेत देखिएको छ। दैनिक उपभोग्य वस्तुदेखि औद्योगिक कच्चा पदार्थसम्म विदेशबाट आयात गर्दै आइरहेको बेला आयात थोरै घटेको छ भने निर्यातमा उल्लेख्य सुधार देखिएको छ।

चालु आर्थिक वर्ष ०७६/७७ को पहिलो दुई महिनामा आयात १.२२ प्रतिशतले घटेको र निर्यात २५.८७ प्रतिशतले बढेको भन्सार विभागले जनाएको छ। मुलुकको व्यापार घाटा ३.०५ प्रतिशतले घटेको छ। यो अर्थतन्त्रका लागि सकरात्मक संकेत हो। दुई महिनाको तथ्यांकले वर्षभरको तुलना गर्न भने सकिँदैन। अझै मासिक एक खर्ब रुपैयाँभन्दा बढी व्यापार घाटा छ।

चालु आर्थिक वर्षको पहिलो दुई महिनाको व्यापार घाटा दुई खर्ब ११ अर्ब १८ लाख रुपैयाँ पुगेको छ। विभागको तथ्यांक अनुसार गत आवको सोही अवधिमा दुई खर्ब १७ अर्ब ६४ करोड रुपैयाँ व्यापार घाटा थियो।

चालु आवको भदौसम्ममा सवा दुई खर्ब रुपैयाँको वस्तु विदेशबाट आयात भएको छ। कुल दुई खर्ब २९ अर्ब ५० करोड रुपैयाँ बराबरको सामान आयात भएको छ। गत आवको तुलनामा आयात १.२२ प्रतिशतले घटेको छ। गत आवमा दुई खर्ब ३२ अर्ब ३४ करोड रुपैयाँ बराबरको वस्तु आयात भएको थियो।

मुलुकको कुल व्यापारमा आयातको हिस्सा ९२.५ प्रतिशत **बाँकी ८ पेजमा**

## किसानलाई रोटरीको साथ







काठमाडौं । गत कात्तिक १ गते शुक्रबार रोटरी क्लब डिल्लीबजारले काभ्रे जिल्ला मण्डन देउपुरका ३७ गरिब महिला कृषकहरुलाई पाडोसहितको लैनो भैंसी तथा ५०० लिटरको पानी टैंकी हस्तान्तरण गरेको छ । रोटरी इन्टरनेसनलको ग्लोवल ग्रान्टअन्तर्गत रोटरी क्लव कामवेर्ग जर्मनीको वित्तीय सहयोग तथा रोटरी क्लव डिल्लीबजारको अगुवाईमा यो योजना कार्यान्वयनमा आएको हो ।

कुल लागत रु ६१ लाख (५४००० अमेरिकी डलर) भएको यस आयोजनाअन्तर्गत महिला किसानहरुले एक वर्षको भैंसीको दानाको खर्च, भैसी विमा तथा स्वास्थ्य उपचार पनि पाएका छन् । आगामी २ वर्षसम्म चल्ने यस योजनाबाट ४० महिला कृषक लाभान्वित हुने छन् । महिलाहरुलाई भैसी हस्तान्तरण गर्नुअघि पशु चिकित्सक पूर्ण महर्जनले उनीहरुलाई एक दिने प्रशिक्षण पनि प्रदान गर्नुभएको थियो । **बाँकी ८ पेजमा**

## माले काठमाडौंको चियापान समारोह

काठमाडौं । विजयादशमी, तिहार, छट तथा नेपाल संवत ११४० को शुभअवसरमा नेकपा (माले) काठमाडौं जिल्ला कमिटीले शुभकामना आदानप्रदान तथा जलपान कार्यक्रम आयोजना गऱ्यो । कात्तिक २ गते ३ नम्बर प्रदेश पार्टी कार्यालय नयाँ बानेश्वरमा महासचिव सीपी मैनालीको प्रमुख आतिथ्यमा सम्पन्न भएको कार्यक्रममा पार्टीका नेता, कार्यकर्ता तथा शुभेच्छुकहरुको बाक्लो उपस्थिति रहेको थियो ।

महासचिव सीपी मैनालीले सम्पूर्ण सहभागी कामरेडहरु तथा नेपाली दाजुभाइ दिदीबहिनीहरुलाई शुभकामना दिँदै सांस्कृतिक महत्व बोकेका चाडपर्वहरुले नेपालीबीचको एकता, भ्रातृत्व, सद्भावना अझ प्रगाढ बनोस् भन्नुभयो । उहाँले चाडपर्वहरु भड्किलो रुपमा नभई परम्परादेखि चल्दै आएका संस्कृति संरक्षण गर्दै सिर्जनात्मक रुपले मनाउनुपर्छ भन्नुभयो ।







महासचिव मैनालीले मुलुकको समसामयिक राजनीतिको चर्चा गर्दै दिनानुदिन समस्याग्रस्त बन्दै गएको राजनीतिलाई ठिक ठाउँमा ल्याउन सच्चा देशभक्त, प्रगतिशील शक्तिहरु एक ढिक्का बनेर मुलुकका समस्याको देशमुखी ढंगबाट समाधान खोज्न जरुरी भएको बताउनुभयो ।

दुईतिहाई निकटको कम्युनिस्ट सरकार मुलुकको शासनमा रहेको भ्रम छरे तापनि कम्युनिस्टको मूल सिद्धान्तबाट अलग भइसकेका जमातको सत्तामा भएको हालीमहालीले भ्रष्टाचार मौलाएको, दण्डहीनता बढेको, ठूलठूला अपराधहरुलाई राजनीतिको नकाव ओढाएर ढाकछोप गर्ने प्रयास भइरहेको बताउनुभयो । शासनमा बस्नेहरु विदेशमुखी चरित्रका भएका कारण मुलुकको भन्दा पराइको हितमा तल्लीन रहेकाले राष्ट्रियता कमजोर भएको, नेपालको मौलिक र सनातनी धर्म संस्कृतिमाथि धर्मनिरपेक्षताको दुरुपयोग गर्दै होलिवाइन काण्ड मच्चाएर दिनदहाडै **बाँकी ८ पेजमा**

## सुत्केरी महिलालाई सहयोग



काठमाडौं । गत कात्तिक ४ गते सोमबार नेपाल कम्युनिष्ट पार्टी (माले) ले चम्ल्याहा बच्चा जन्म दिने कैलाली जिल्लाकी खगित्रा शाहीलाई सहयोग स्वरुप रु ३६०३५।- प्रदान गरेको छ । सुविधाविहिन महिला शाहीले स्थानीय काठमाडौं मेडिकल कलेजमा ४ बच्चालाई **बाँकी ८ पेजमा**

### तिहारमा फूल आयात बढ्दै

काठमाडौं । बर्सेनि तिहारमा भारतबाट माला आयात गरिने गरिएको छ । यस वर्षको तिहारमा पनि तीनदेखि ४ लाखसम्म विभिन्न जातका माला भारतबाट आयात हुने अनुमान गरिएको छ । भाइटीकामा काठमाडौंलाई मात्र १५ देखि १७ लाखको माला आवश्यक पर्छ । राजधानीमा झन्डै ५० लाख मानिस बसोबास गर्छन् ।

तिहारमा अत्यधिक फूल खपत हुने भएकाले नेपालमा किसानले फूललाई मौसमी खेतीको रुपमा मात्र लिँदै आएका छन्, तर मौसमी खेती पर्याप्त हुन नसक्दा फूलको आयात घट्न सकेको छैन । व्यावसायिक फूल खेती गर्न नेपाली किसान आकर्षित हुन सकेका छैनन् । सयपत्री र मखमली फूलको तिहारमा विशेष महत्व हुन्छ ।


दुवै जातका फूल खेतीका लागि उर्वर भूमिको **बाँकी ८ पेजमा**

## समय सन्दर्भ यसरी भयो तिहार परम्पराको थालनी

■ प्रा.डा. डिल्ली ओली

चान्द्रमास पद्धतिअनुसार कार्तिक कृष्ण त्रयोदशीदेखि शुक्ल द्वितीयासम्मको समय तिहार हो । यसलाई यमपञ्चक पनि भनिन्छ । अर्थात् यमराज र पाँच दिनका विभिन्न पूजा यो समयसँग जोडिएका छन् । रमाइलो गर्ने, जुवा आदि खेल्ने परम्पराअनुसार यमपञ्चक पछि गएर जुवाखेल बोधक पनि हुन गयो । भारतमा यसलाई दिवाली, दीपावली भनिन्छ । तिहार अवधिभर बत्तीको झिलिमिली हुने भएकोले दीपावली भनिएको हो ।

यो पर्व पौराणिक बलिराजाको कथासँग पनि सम्बन्धित छ । कथाको सारांशअनुसार बलि दानवीर थिए । यो बुझेरै विष्णुले विक्रान्त रुप धारण गरेर बलिसँग तीन पाउ जमिन मागेका थिए । सोहीअनुसार बलिले आफ्नो वाचा अनुसारको जमिन दिने संकल्प गरे । शुक्राचार्यले यो विष्णुको छल भएकोले दिन हुँदैन भनी अडान लिन थाले । तर बलि आफ्नो बचन पालन गर्न संकल्पित थिए । शुक्राचार्यले बाचा तोड्नका लागि संकल्प गर्नुपर्ने सल्लाह दिए । संकल्प वाक्य पूरा गर्न पानी



आवश्यक पर्ने भएकोले कमण्डलुबाट पानी आउन नदिन कमण्डलुको टुटीमा स्वयम शुक्राचार्य बसे । कमण्डलुबाट पानी नआएकोले कुशले टुटी खोल्दा शुक्राचार्यको आँखा फुट्यो र कमण्डलुबाट पानी झऱ्यो । बाचा अनुसार बलिराजाले विष्णुलाई तीन पाउ जमिन दिए । विष्णुका दुई पाउले आकाश र जमिन ढाक्यो । अर्को पाउ कहाँ राख्नेभन्दा बलिले अर्को पाउ राख्नको लागि आफ्नै शिर दिए । विष्णुको पाउ बलिको शिरमा परेपछि पाताल भासिए । बलि पाताल भासिए पनि उनी वर्षमा पाँच दिन पृथ्वीमा आउन पाउने सुविधा उनलाई प्राप्त भयो । त्यसैअनुसार माथि उल्लिखित तिथिमा बलि पृथ्वीमा आउन थालेको र यस उपलक्ष्यमा उत्सव मनाउन थालेको पौराणिक मान्यता छ । यो समयमा बलिको स्वागत सम्मानका लागि पृथ्वीका **बाँकी ६ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली
सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, श्री सुष्मा वज्राचार्य, ईं. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल)

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

## हत्यारा नउम्किउन्

विप्लव नेतृत्वको सर्लाही इन्चार्ज कुमार पौडेल प्रहरी नियन्त्रणमा मारिएको मानव अधिकार आयोगको निष्कर्षले सरकार फासिवादमा अभ्यासरत रहेको प्रस्ट पारेको छ । नियन्त्रित लोकतन्त्रमा इतरपक्षको आलोचनासम्म सुन्न सरकार तयार हुँदैन । फरक विचार राख्ने व्यक्ति वा समूहलाई निमिट्यान्न पारी आफ्नो एकछत्र राज कायम गर्ने धृष्टता नै वास्तवमा फासिवाद हो । संविधानप्रदत्त नागरिकहरूको मौलिक हक अधिकारमाथि जब सरकारी स्तरबाट धावा बोल्न थालिन्छ, लोकतन्त्र निर्देशत हुन थाल्छ । हिटलर निर्वाचनबाटै सत्तामा आएका थिए ।

त्यसैगरी मुसोलिनी यी तानाशाहहरूले आफूभन्दा फरक विचार राख्नेहरूसँग कस्तो आततायी व्यवहार गर्दै आम नरसंहार मच्चाएका थिए । विश्व इतिहासमा पढ्न पाइन्छ । प्रजातन्त्रको आवरणमा निरंकुश शासन चलाइरहेका टर्कीका एर्दोगान हुन या सिरियाका बसर अल असद वा चिलिका पिनेरा समेतलाई माथ गर्दै केपी ओली नेतृत्वको कम्युनिस्ट नामधारी सरकार गैरन्यायिक नागरिक हत्यामा उत्रिरहेको पौडेल हत्या प्रकरणले भ्फल्को दिएको छ ।

पौडेलको बाँच्न पाउने न्यूनतम अधिकार हनन भएको आयोगको ठहर छ । पौडेल गत असार ४ गते मारिएका थिए । उनी प्रहरी इन्काउन्टरमा परेको दाबी सुरक्षा निकायको थियो । प्रहरीले पौडेललाई नियन्त्रणमा लिएर अनावश्यक रूपमा बल प्रयोग गरी गोली हानेको आयोगले जनाएको छ । उनलाई नौ गोली हानी मारिएको र भिडन्त वा आत्मरक्षाको अवस्था पुष्टि नभएको आयोगको प्रतिवेदनमा उल्लेख छ । प्रहरीले भने भिडन्त र आत्मरक्षामा पौडेल मारिएको दाबी गर्दै आएको थियो । आयोगले घटनामा प्रहरीलाई निर्देशन दिने तालुक निकायका पदाधिकारी तथा दुरूत्साहन गर्ने व्यक्तिहरूमाथि समेत अनुसन्धान गरी कानुनको दायरामा ल्याई कानुन बमोजिम कारबाही गर्न समेत सिफारिस गरेको छ । पौडेलको हत्यामा गृहमन्त्री, गृहसचिव, प्रहरी महानिरीक्षक समेतको संलग्नता देखिन्छ । माथिल्लो निकायको आदेश बिना पौडेलको हत्या असम्भव छ । गृहमन्त्री रामबहादुर थापा बादलले पौडेल भिडन्तमा मारिएको भन्दै सार्वभौम संसदलाई समेत ढाँटेका थिए । उनलाई पनि माओवादी द्वन्द्वकालमा पौडेललाई जसरी मारिएको भए ? पञ्चायतकालमा वर्तमान प्रधानमन्त्री ओलीलाई भिडन्तको बहानामा सिध्याइएको भए ? निरंकुश फाशिस्ट पञ्चायती कालको बर्बर दमनलाई पनि उछिनेको छ । लोकतान्त्रिक गणतन्त्रकालमा । नागरिकको बाँच्न पाउने अधिकार विपरीत हत्या गरिनु कस्तो लोकतान्त्रिक शैली हो ?

लोकतन्त्रमा फरक विचार राख्न पाइन्छ । ओलीलाई सबैले प्रधानमन्त्री मान्छन् तर उनलाई नेता मान्न तयार नहुनेमाथि संवैधानिक हमला गरिनु विडम्बनापूर्ण छ । ओली र प्रचण्डको विचारमा असहमति राख्नेहरूलाई पुलिस लगाउनु, यातना दिनु अनि हत्या गरिनु लोकतन्त्रको भावना र मर्म विपरीतका अक्षम्य अपराध हुन् । ज्ञानेन्द्र शाही राजावादी भएकै कारण नेकपाका सुण्डमुण्डबाट घाइते हुनुपर्छ, संसदीय व्यवस्था मान्दैनौं हामी वैज्ञानिक समाजवाद चाहन्छौं भन्ने विप्लव नेकपाका कार्यकर्ता र नेतालाई गिरफ्तार गर्नु, जेल हाल्नु, मुद्दा लगाउनु र इन्काउन्टरका नाममा हत्या गरिनुले लोकतन्त्र निरंकुशतन्त्रमा रूपान्तरित हुँदै गएको आभास जनता जनार्दनले गर्न थालेका छन् । संविधान विपरीत सरकारले विप्लव नेकपामाथि प्रतिबन्ध लगाएको छ । विप्लव नेकपाको अपराध एनसेल टावरमाथि आक्रमण र चन्दा असुलीलाई बताइएको छ । राज्यलाई अरबौं कर नतिर्ने एनसेललाई चेतावनी स्वरूप त्यसका छिटफुट टावरमाथि आक्रमण गरिएको बुझ्न सकिन्छ । जहाँसम्म चन्दाको कुरा छ, चुनावमा ओली, प्रचण्ड समूहले के चन्दा उठाएन ? द्वन्द्व कालमा प्रचण्ड बादलहरूले धम्क्याएर व्यापारी कर्मचारी शिक्षकसँग चन्दा उठाएका होइनन् ? राजनीतिक निषेध समस्या समाधानको पहलु होइन । विप्लव नेकपामाथिको प्रतिबन्ध हटाउँदै उसका नेता कार्यकर्ता रिहा गरेर संवादको वातावरण सरकारले बनाउनुपर्छ । पौडेल हत्याका जिम्मेवारहरूलाई निर्मम रूपमा कानुनको दायरामा ल्याइनुपर्छ ।

# अमेरिका र संयुक्त राष्ट्रसंघको सामु ओली सरकार लम्पसार : असंलग्नता देखाउने दाँत मात्रै

**सुरेन्द्र ढकाल**



अमेरिका र संयुक्त राष्ट्रसंघको पहलमा उत्तर कोरियामाथि आर्थिक नाकाबन्दी लागेको वर्षौं भइसकेको छ । नेपालको उत्तर कोरियासँग दौत्य सम्बन्ध भएकै कारण नेपालमा उत्तर कोरियाको लगानीमा दर्जनौं ब्यापारिक निकायहरु कार्य गर्दै आइरहेका छन् । वैदेशिक लगानीलाई समृद्धिको सूचक मान्दै वैदेशिक लगानी आव्हान गरेको नेपालले अमेरिका र संयुक्त राष्ट्रसंघको दबाबमा नेपालबाट उत्तर कोरियाली लगानीलाई लखेटन बारम्बार दबाब दिँदै आइरहेको छ र उत्तर कोरियाको लगानीमा वर्षौंदेखि चलिरहेका ब्यापारिक संस्थाहरु बन्द हुने क्रम बढिरहेको छ ।

**किन लाग्यो आर्थिक प्रतिबन्ध ?**

हरेक देशलाई आफ्नो आत्मरक्षा गर्ने अधिकार हुन्छ । सन् १९५०।५३को कोरियाली युद्धताका अमेरिकाले आफ्नो नेतृत्वमा आफ्ना पिछलग्गु राष्ट्रलाई उचालेर कोरियामाथि आक्रमण गरेको थियो । झण्डै ४ वर्षको लगातार युद्धपश्चात कोरियालाई परास्त गर्न नसकेपछि अमेरिकाले युद्ध विराम गरेको हो । अहिले पनि अमेरिका र उत्तर कोरियाबीच युद्ध बिरामको स्थिति कायम छ, त्यो भन्नुको मतलव दुईमध्ये एकले युद्ध विराम तोड्ने बित्तिकै पुनः युद्ध हुने निश्चित छ । यही युद्ध निश्चित भएको कारण उत्तर कोरियाले आफ्नो सुरक्षार्थ अन्तरमहाद्विपीय क्षेप्यास्त्र बनाई परीक्षण गरिरहेको अवस्था छ जुन भनेको सामान्य हो । आणविक अप्रसार सन्धिमा भारतले पनि हस्ताक्षर गरेको छैन र बारम्बार यसले पनि क्षेप्यास्त्र परीक्षण गरेकै छ । अनि किन संयुक्त राष्ट्रसंघ र अमेरिकाको आँखामा उत्तर कोरियामात्रै आतंककारी राष्ट्र हुने भारत किन नहुने ?

**चीनले नमान्दा नेपालले चाहिँ किन मान्ने ?**


संयुक्त राष्ट्र संघ र अमेरिकाले उत्तर कोरियामाथि लगाएको आर्थिक नाकाबन्दीलाई चीनले मानेको छैन । मान्थ्यो भने एअर चाइनाले बेजिङ प्योङयाग र एअर कोर्योले प्योङयाङ बेजिङ उडान भर्दैनथे होला । बेजिङ प्योङयाङ रेलवे बन्द हुन्थ्यो होला । यस पंक्तिका लेखक ९ सदस्यीय नेकपा मालेको टोली लिएर गत अगष्ट ७ मा एअर चाइनाबाट बेजिङ प्योङयाङ उडेको हो र त्यही एअरबाट १२ तारिखमा प्योङयाङ बेजिङ फर्केको हो । किन मानेन संयुक्त राष्ट्र संघ र अमेरिकाको आर्थिक नाकबन्दी चीनले ? चीन आफैं सुरक्षा परिषदको सदस्य हो । चीनले नमान्दा हुने अनि कमजोर हुनाले नेपालले चाहिँ मानी उत्तर कोरियालीहरुलाई नेपालबाट लखेटनुपर्ने ? यसको जवाफ प्रधानमन्त्री ओली र उनका परराष्ट्रमन्त्री ज्ञवालीले दिनुपर्छ पर्दैन ? गत अक्टोवर ३ को जर्मन एकता दिवसका दिन यस पंक्तिका लेखकले ओलीका राजनीतिक सल्लाहकार विष्णु रिमाल र परराष्ट्र मन्त्री ज्ञवालीलाई यो प्रश्न तेर्साउँदा ज्ञवालीले यस बारेमा मन्त्रालयमा कुरा गर्न आउनोस् भने । रिमाल चाहीँ संयुक्त राष्ट्रसंघको निर्देशन नमान्दा नेपालमाथि पनि नाकाबन्दी होला भन्ने डरले हामीले उत्तर कोरियालीहरुलाई लगानी फिर्ता गरी


लगानी फिर्ता लैजान उत्तर कोरियाली लगानीकर्तालाई विभागको तेस्रो पत्र

हाल नेपालमा उत्तर कोरियाली लगानीमा नौओटा उद्योग सञ्चालनमा छन् ।

आफ्नै देश फर्कन भनेको हो भन्ने जवाफ दिए । किन भन्न सकेनन् यिनीहरुले चीनले उत्तर कोरियालाई आर्थिक नाकाबन्दी नगर्दा हुने अनि नेपालले चाहिँ अमेरिकी दबाब खेपेर कोरियालाई आतंककारी देश मान्दै नेपालबाट उनीहरुलाई लखेट्नु पर्ने ? के नेपालको असंलग्न परराष्ट्र नीति भनेको अमेरिका र संयुक्त राष्ट्र संघको दबाब खेप्नुपर्ने नीति हो ? मिलिनियम च्यालेन्जिङ कर्पोरेशनको ५०० मिलियन डलरको डिल स्वीकार्दा उत्तर कोरियालाई आतंककारी देश मान्नुपर्ने अनि नेपालमा रहेका तिब्बतीहरुलाई परिचय पत्र दिई खुलारुपमा स्वतन्त्र तिब्बत सम्बन्धी गतिविधि संचालन गर्न दिने शर्तमा परराष्ट्र मन्त्री ज्ञवालीले आफ्नो अमेरिका भ्रमणको क्रममा हस्ताक्षर गरेको हो कि होइन ? पैसा पाइन्छ भन्दैमा असंलग्न सिद्धान्त विपरीत सन्धि सम्झौता गर्ने हक कसले दियो ओली सरकारलाई ? अहिले आएर त्यही ५०० मिलियन डलर पाउन पनि भारतको सिफारिस आवश्यक पर्छ भन्दै अमेरिकीले नेपाललाई भुटानको हैसियतमा झारी दिँदा के हेरेर बसेका छन् ओली ? उल्टो एमसिसिलाई सदनबाट अनुमोदन नगराएकोमा तत्कालिन सभामुख महराप्रति ओली आक्रोसित देखिएका छन् । यसले के प्रमाणित गर्दछ भने ओली सरकार अमेरिकी कठपुतली बनेको र त्यसलाई साइजमै ल्याउन भनेर सि जिन पिङ नेपाल आएको र नेपालबाट चीन फर्कने बित्तिकै स्वतन्त्र तिब्बतका पक्षधरहरुको हड्डी चकनाचुर बनाइदिने उद्घोष गर्न बाध्य भएका हुन् । यो कुरालाई लम्पसारवादी ओलीले बुझ्नु आवश्यक छ र नेपालमा रहेका उत्तर कोरियाली लगानीलाई निरन्तरता दिँदै उनीहरुलाई लखेट्ने नीति तुरुन्त त्याग्नु वेश होला । अन्यथा कम्युनिष्टको खोल ओडेर अमेरिकाको कठपुतली बन्दै कम्युनिष्टमारा नीति अवलम्वन गर्दा नेपाली जनता र चीन सरकारको मार खेप्न पर्ला । होस गर्नु !

# नवदुर्गा भवानीसँग प्रार्थना (३)




**जगदीश लामिछाने**
रौतहट, पौराई

मार्कण्डेय पुराण अन्तर्गत दुर्गा सप्तसतीको दशौं अध्यायमा दुर्गा भगवतीले म धेरै पनि हुन सक्छु अब एउटै भएकी छु भन्नु भई त्यसपछिको ११ औं अध्यायको विभिन्न स्तुतिपद्यहरुमा लक्ष्मी आदि महाविद्या आदि सम्पूर्ण स्वरुप भएकी नवदुर्गालाई नै लक्षित भएको हुँदा यो नवदुर्गा भवानीको दशैं महोत्सव लक्षित प्रार्थना प्रस्तुत भएको छ । अब पुनः यही नै प्रार्थना गरिएको छ- नेपाल माताकै लागि ।

किनभने पुरानै समयमा राजा मानदेवले आफ्नो पिता बिरामी हुँदा सम्पर्कमा नआउने र विद्रोहतिर लाग्ने सामन्तहरुकै स्थिति सुधार गर्न आफ्नो आमा राज्यवतीलाई बाबुको सती जान नदिएर राज्य सञ्चालन गर्न लगाई फर्की आएपछि चाँगुनारायणमा शिलापत्र नै राखेका छन् । पशुपति तिलगंगा तथा काठमाडौं सहरभित्रै त्रिविक्रमको मूर्तिमै पद्य गाएकै छन् । यसरी चलेको किराँत लिच्छवि कालपछि बाइसी चौबीसी भएकोमा कसैको फरक विचार छैन होला । तैपनि मल्ल वंशको मात्र हातमा काठमाडौं उपत्यका आदि रहेकोमा धेरैको चित्त नबुझेको पनि इतिहासले भनेकै छ । यसैले त युवराज काठमाडौंमा श्री ५ पृथ्वीले राखेका हुन् भन्ने पनि प्रस्ट नै छ । सर्वप्रथम हतियार लिन वनारस गंगा दक्षिण जाँदा सारन हाजिपुर गोरखपुर आदि पाल्पा क्षेत्र भएर सुरक्षितै सद्भावले ल्याएको समेत युवा २० वर्षे श्री ५ पृथ्वीले नै हो ।

यस्तै प्रसंगमा जुवाइँ राजा जुम्ला बलिराजको हामी त्यसै आएनौ बलि राजाले पठाए भन्ने एकताको पुरानै सन्देश अझै तिहारमा गाउँछन् । यो २०७६ यमपञ्चक उनै महालक्ष्मीले रक्षा गरुन् र तिहार पनि मंगलमय




बनोस् अब आइन्दा सबैको बुद्धि फिरोस् मानवीय नारीले पनि आफ्नो मूल धर्म वात्सल्यता विमुख नबनेर आफ्नै देवी तत्वकै साम्यमा जानुपर्छ भन्नु पनि यहाँ कर्तव्य नै छ ।

**(१) कल झगडा र मुद्दा मामिलाको दुःखकष्ट :** ठाउँ कुठाउँ मनको विकृतिले दुःखको झगडा पर्ने हो । त्यहाँ मन मिलेर जाने खालका त्यसैगरी मिलुन् सरकार गुहार्नैपर्ने र सरकारवादी नै मुद्दा छन् भने पनि चाँडै टुंगिँदै जाउन् पक्ष विपक्ष तथा न्यायनिष्ठ न्यायाधीशज्यूहरुमा सद्भावनाको प्रकाश फुर्दै जाओस र मुद्दाहरुका चाप घट्दै जाउन् भन्ने प्रार्थना गरौं ।

अब उमेर पुगेका मान्छेहरुले आफ्नो पैत्रिक अंशको लोभमा नपरी आफैं मेहनती छु भनी विदेश पस्नेहरुले नै र घरमै बस्नेहरुले नै पनि बहुमत संसारकै जस्तो दिनेले दिन मन गरे मात्र पाउने नत्र जसलाई दिन पनि पाउने अंशियार कानुन चाँडै लागू हुनु पर्‍यो । यसबाट मुद्दाको चाप धेरै घट्ने नै छ ।

**(२) दुर्गा भवानी मानव नारीमै देख्न पाउँ :** अहिले सबभन्दा प्रशंसायोग्य कुरो मानव नारी आफैंले बच्चाको बाबुलाई पनि बालख रेखदेख गराउने योग्यता प्रदर्शन गरेका छन् । यसैबाट बच्चा मृत्युको संख्या घटेको छ । पशु नारीमा त्यस्तो नभएर मृत्यु संख्या धेरै भएको हो । कतै कतै मान्छेले भूल गर्दा असक्त बच्चाले दुःख पाउनु छुट्टै कुरा भयो ।

परन्तु यसैबेला आधुनिकता संसारभर भित्रिएर पौराणिक कालमै धेरैथोरै नारी अवमूल्यनका कुरा भए । साहित्य रचिए । अनुचित रुपमा झन् पश्चिमा संसारले त कृत्रिम परिवार नियोजन दिएर आत्मकेन्द्रित आत्मअनुशासित परिवार नियमनको जरै उखेल्ला जस्तो भयो । अनुशासित जीवनका मानव भ्रुण स्वस्थ बढी हुने थिए । सदाचारयुक्त जीवनले सामाजिक संरचना बढी मर्यादित हुने थियो । यी औषधि विकृति बिनाका मैत्रेयी गार्गी धेरै जन्मने थिए र महापुरुषहरुको बढी क्रियाकलापले दूषित विश्वको निकै उद्धार हुने थियो ।

अब त नारीलाई झन् रामरमितामा पश्चिमले भुलाएको धेरै भयो । पूर्वमा त्यो हावा नआउने कुरै भएन । यसबाट प्रकृति संसारमै मान्छेको मूढता बढ्ने खतरा बढ्दै गएको छ । तर प्रकृतिको गति आफ्नै छ । उदाहरण अन्त खोज्नै पर्दैन । निल आर्मस्ट्रङ आदिले चन्द्रमामै पुगेर अथवा यान पठाएर प्राणीविहीन चन्द्रमा देखाइदिएकै छन् । कुनै मैत्रेयी गार्गेयीले यसको प्रत्युत्तर दिनुहुन्छ कि ?

बिन्ती छ दुर्गा भवानी महालक्ष्मीलाई संसारभर नभए पनि नेपालभरि मात्रै नेपाल माताले र उहाँका सन्तानले यो दुःख देख्नु नपरोस् रक्षा होस् भनी यो दुर्गा महालक्ष्मी महोत्सव भरी प्रार्थना गरौं ।

**३. थरी थरीका विकृतिको एउटै ओखती नवदुर्गा महालक्ष्मी :**

अहिले आफूले आफैंलाई शिक्षित र ज्ञानी भन्नेहरु धेरै हुन लागेका छन् । उनीहरुले अनैतिकतालाई पनि नैतिकता भनी नीति नै कता कता पारिदिएका छन् । यन्त्र मानव तयार गरे भनी समाचार पनि आएकै छ । त्यो यन्त्रलाई सिकाउन त मान्छे नै चाहियो होला हैन र ? मैले आजै व्यवस्था गरें भनी एउटा नागढुंगा सुरुङ शिलान्यास गरेकै दिन उद्घाटन भइसक्यो जस्तो प्रधानमन्त्री ओलीकै बोली सुनिन्छ । चतरा भोजपुर सडक एउटै धाक पनि त्यस्तै छ । हुनुपर्ने चाहिँ पुष्पलाल राजमार्ग मध्यपहाडी र हुलाकी राजमार्गको ठाउँ ठाउँको बाधा हट्नैपर्ने थियो ।

पूर्वपश्चिम रेलमार्गको पूर्वमध्य र सुदूर आदिमा काम देखिनै पर्ने थियो । यी तीनवटै महायोजनाहरु कछुवा गतिमा सुस्त नै छन् । अनर्थ गर्नेहरु लुकेरै चन्द समूह एकान्तमा बम पड्काउँदैछन् । अधर्मलाई धर्म मान्नेहरु कृत्रिम अशान्ति मच्चाइ पुरुषार्थ गरे भन्दा हुन् । यी सबै देखावटी कुरा छोडेर योग्यहरु गाईवस्तु तथा कृषि कर्ममा आधुनिकता भित्र्याउन उद्योगमा वातावरण मैत्री बनाउन भर्खरै विदेशबाट फर्केर आई लागेकै छन् । यी पछिल्ला महामानवलाई नमस्कार गरौं । नेपाल सरकारले पनि यिनको उद्योगको बाधा बिपत्ति हटाउन सक्दो प्रयास गरोस् भनी पुनः नवदुर्गा महालक्ष्मीसँग सबैले प्रार्थना गरौं ।

# दर्शन, विश्वदर्शन–३

■ **सुदर्शन प्रधान**

जर्मनीका कार्लमार्क्स र फ्रेडरिक एंगेल्सले उन्नाइसौं शताब्दीमा श्रमिक, सर्वहारावर्गको मुक्तिको सिद्धान्तहरु प्रतिपादन गरे । कम्युनिस्ट पार्टीको घोषणापत्र, फ्रान्समा गृहयुद्ध, पुँजी भाग १, २, ३ र ४ अनि पेरिस कम्युन, ड्युरिङ मत खण्डन, परिवार, निजी सम्पत्ति र राज्यसत्ताको उत्पत्तिजस्ता उहाँहरुका पुस्तकहरुमा ती विस्तृत रुपले उल्लेख गरेका छन् । मार्क्सको सिद्धान्तलाई रुसी क्रान्तिका अग्रदूत लेनिनले भन्नुभएको छ, 'मार्क्सवाद भनेको ब्रिटिस अर्थशास्त्र, फ्रान्सेली समाजवाद र जर्मनेली दर्शनशास्त्रहरुको समुच्च रुप हो ।' मार्क्सवादको मूल सिद्धान्तहरु भनेको 'ऐतिहासिक भौतिकवाद र द्वन्द्वात्मक भौतिकवादको सिद्धान्त, अतिरिक्त मूल्यको सिद्धान्त र वर्ग संघर्षको सिद्धान्तहरु नै हुन्, जुन सिद्धान्तहरुको समुच्च रुप नै मार्क्सवाद हो ।'

कार्ल मार्क्सको सिद्धान्तलाई बीसौं शताब्दीको सुरुमा लेनिनले परिष्कृत गरेर रुसी भूमिमा लागु गरे । एउटै देशमा पनि क्रान्ति सम्पन्न हुन सक्छ र पुँजीवादको अन्तिम रुप साम्राज्यवाद हो भनेर । मार्क्स, एंगेल्स र लेनिनका सिद्धान्तहरुलाई व्यावहारिक रुप दिएर सफलताको शिखर चुम्ने मूल व्यक्तित्वचाहिँ जोसेफ स्टालिन हुन् । जसको व्यवहारत कम्युनिष्ट अन्तराष्ट्रवाद, सोभीयत संघको स्थापनामा अग्रिम भूमिका, विदेसी भूमिमा बसी क्रान्तिको योजना बनाउने लेनिन् क्रुप्सकायलाई हर तरहले साथ दिने, जारशाहीको जेल र कठोर कालापानीको निर्वासन भोग्ने, साम्राज्यवादी फौजी आक्रमणहरुलाई निस्तेज तुल्याउन लाल फौजी रणनीतिहरु बनाउने र रुसी लालसेनाहरुलाई अचुक नीति, निर्देशनहरु दिने, दोस्रो विश्वयुद्धमा जर्मनी, ईटली र जापानी साम्राज्यवादलाई धुस्कुट तुल्याई युरोप र एसीयामा शान्ति छाउन निर्णायक रुसी लाल सेनाहरुको कमाण्डीङ गर्ने, पूर्वी युरोप, मंगोलिया र चीनको मुक्तिको लागी अनि त्यहाँ समाजवादी समाजको विकासको लागी अग्रीम भूमिका खेल्ने, मानव इतिहासको अद्बितिय व्यक्तित्व हुन् जोसेफ स्टालिन ।

*(क्रमशः)*

# मैले देखेको ११५ औं विश्व प्राकृतिक सम्पदा:
# पोखरा जोमसोम पदयात्रा क्षेत्र (२)

सुरेन्द्र ढकाल



बाटोमा पर्ने घासा गाउँ



घोरेपानीबाट धौलागिरि शिखर नियाल्दै पर्यटकहरू



सुन्दर स्याउ बगैंचा रहेको मार्फा गाउँ




त्यो बेलाको जोमसोम बजार



तातोपानीमा रमाउँदै पर्यटकहरू



नेपालकै ठूलो रूप्से झरना



घोरेपानीबाट तातोपानी झर्दै सुरेन्द्र सन् १९९१ मेमा

तेस्रो दिनको हाम्रो पदयात्रा बिहानै ७ बजेबाट शुरु भयो । एक एक कप चियामात्रै पिई हामी तेर्सो तेर्सो उकालो लाग्यौं । बिहानको शितलता, न्यानो घाम अनि पर माछापुच्छ्रेको शिखर हेर्दै अगाडि बढिरहँदा हाम्रा पाइला छिटो छिटो अगाडि बढिरहेको थियो । प्रकृतिको सुन्दरतासँग रमाउँदै, धुपीका जंगल पार गर्दै अगाडि बढ्दै जाँदा दुई घण्टा बितेको पत्तै भएन ।

बिहानको सवा नौ बजेको थियो । हामी उलेरीबाट ५ किलोमिटर जतिको दूरी पार गरी घोडेपानी (पुन हिल) आइपुगेका थियौं । अन्नपूर्ण क्षेत्रको पर्यटन केन्द्र अनि धौलागिरिको शिखरलाई नाकै अगाडि जस्तो गरेर अवलोकन गर्न पाइने कारणले होला त्यहाँ होटल लज अनि रेष्टुराँ थुप्रै रहेछन् । एउटा रेष्टुराँमा रुकसेक विसाई ब्रेक फाष्ट गर्‍यौं । धौलागिरिको केही स्लाइडहरु खिची करिब डेढ घण्टा त्यहाँ बिताइ अब हामी विस्तारै तातोपानीलाई लक्ष्य बनाइ कहिले ठाडो र कहिले तेर्सो झर्न थाल्यौ । मध्यान्हको घाम चर्किंदै गर्दा हाम्रो पैदल यात्राको गति सुस्त हुँदै गइरहेको थियो ।

तल कालीगण्डकी बगिरहेको ज्यादै मनमोहक देखिन्थ्यौ । यस्तै क्रमले हिंड्दै जाँदा दिनको १ बजे हामी तातोपानी आइपुग्दा हामीले करिब १३ किलोमिटरको दूरी र झण्डै १९०० मिटर तल झरिसकेका रहेछौ । तातोपानीको कुण्डसम्म गई त्यो अवलोकन गर्‍यौं । केही पर्यटकहरु कुण्डमा तातोपानीको मजा लिइरहेका रहेछन् । हामी भने चाहिँ ओम्सहोम लजमा पुगी आफ्नो रुकसेक बिसायौं । त्यहाँ हामीले मिठो स्कुसको तरकारीसहित थकाली दालभात खायौं र हाम्रो यात्रालाई निरन्तरता दियौं । यात्रा कालीगण्डकीको तिरैतिर अगाडि बढिरहेको थियो । करिब ४ किलोमिटरको दूरी पार गरेपछि हामी विशाल झरना भएको स्थलमा आइपुगेका रहेछौं । झरनाको नाम रुपसे रहेछ र नेपालकै ठूलो झरनामा पर्दो रहेछ ।

रुकसेक विसाइ, झरनाको पानीले मुख धोइ केही स्लाइड खिची हामी पुनः अगाडि बढ्यौं । अब यात्रा विस्तारै उकालो लाग्न थालेको थियो । थकाली गाउँहरु छिचोल्दै हामी अगाढि बढिरहेका थियौं । उकालोको थकान र तिर्खा लागेको बेलामा हाम्रो आँखा रुखमा लटकिरहेको पाकेको काक्रोमा पर्‍यो । त्यो काँक्रो किनी काट्न लगाई दुबै जनाले आधा काँक्रो खाइसक्दा हाम्रो तिर्खा राम्रै मेटिएको थियो । तत्पश्चात हामीले पुनः आफ्नो यात्रालाई अघि बढायौं । करिब बेलुकीको ५:३० बजेतिर हामी घासाको छेवछाव आइपुग्यौं र बाटैको एक काठले बनेको लजमा कोठा लिई तेस्रो दिनको हाम्रो पदयात्रालाई हामीले अन्त गर्‍यौं ।

दिउँसो दालभात टन्न खाएको कारण हामीले चाउमिन बनाउन लगायौं र खाइवरी छिटै ओछ्यानतर्फ लाग्यौं । बिहान उठ्दा ७ बजेको थियो । उसिनेको अण्डा र चिया खाई हामीले हाम्रो चौथो दिनको यात्रालाई अगाडि बढायौं । वस्ती सकिएको र जंगल शुरु भएको थियो । घासा आइपुग्दा नै करिब २ हजार मिटरको उचाइमा आइसकेको हुँदा हिँडाइ हल्का ओकालो र तेर्सो तेर्सो थियो ।

जंगल पार गर्दा हामीले दुई घण्टाको हिँडाइ तय गरिसकेका थियौं । फाटफुट घरहरु भेटिन्थे । करिब साढे बाह्र बज्दा हामी बोक्सी खोलाको किनारमा अवस्थित एउटा थकाली गाउँमा आइपुगेका रहेछौं । त्यहाँ एउटा चिया पसल फेला पर्‍यो । खानाको व्यवस्था रहेनछ । हामीले दुई दुई कप चिया र दुई दुई पुरिया बिस्कुट खाइ एक घण्टा आराम गरी पुनः अगाडि बढयौं ।

बोक्सी खोला जंगली खोला भएको र कुन बेला भेल आउँछ अनि कुन बेला आउँदैन भनी आँकलन गर्न नसकिने कारणले गर्दा खोला तर्दा धेरै मान्छे बगाइ कालीगण्डकी पुर्‍याइ मृत्युवरण गरेको सुन्न पाइयो । हामीले हाम्रो जुत्ता खोली कम्मरमा झुण्ड्यायौं र एकले अर्काको हात बेस्सरी समाती खोला तर्न लाग्यौं । घुँडासम्म आउने पानी हिउँजस्तो चिसो र धारिलो अनि खोलाको ढुंगा चिप्लने खालको रहेछ । कतै बगाएर तल पुर्‍याउला भन्ने खतरा । बडो मुस्किलले होसियारीसाथ खोला तर्न सक्दा हामीले गौरव महशुस गर्‍यौं । अब हाम्रो बाटो भनेको कालीगण्डकीको तिरमा रहेको बलौटे फाँटैफाँट थियो । दुई घण्टा जति हिँडिसकेपछि हामी लार्जुङ भन्ने थकाली गाउँमा आइपुगेका रहेछौं । दिनको साढे चार बजेको कारण हामीले हाम्रो त्यो दिनको हाम्रो यात्रा त्यहीँ बिसायौं । होटलकी थकाली मालिक्नी चुलो अगाडि बसीरहेको पायौं र एउटा कोठा लिई रुकसेकलाई कोठामा विसाइ हामी दुवै जना चुलोको अगाडि संगै बस्यौं ।

साहुनीले एक प्लेट सुकुटी तारेर दिइन् अनि त्यसलाई मुस्ताङ कफिसँग दुवैले मिलेर खायौं । मिठो लाग्यो अनि फेरि अर्को प्लेट मगाइ खायौं । त्यसपछि कोठामा गएर सुस्तायौं । बेलुका आठ बजेतिर खाना तयार भएपछि साहुनीले हामीलाई बोलाइन् । हामी खाना खाइवरी पुनः ओछ्यानतर्फ लाग्यौं । भुसुक्कै निदाइएछ । भोलिपल्ट पल्ट बिहान उठ्दा नौ बजिसकेको रहेछ । हतपतमा चौंरीको दूधको चिया खाई हामीले पाँचौं दिनको हाम्रो यात्रालाई निरन्तरता दियौं ।


आँखा अगाडि कालीगण्डकीको बगर, बगरको छेउमा नांगा पहाड अवलोकन गर्दै थकाली वस्ती छिचोल्दै करिब ३ घण्टा हिँडिसकेपछि ठूलो स्याउ नै स्याउको बगैंचा भएको सुन्दर थकाली वस्तीमा आइपुगेका रहेछौं । त्यो ठाउँको नाम मार्फा रहेछ । सफा, चिटिक्क परेका ढुंगैढुंगाले बनेका पसल, रेष्टुराँ लज अनि होटलहरु मार्फा आफैमा बडो सुन्दर रहेछ ।

बौद्ध मन्त्र लेखिएका ध्वजा पताकाले सिंगारेको मार्फामा एक घण्टा जति बसी दिउँसोको दालभात खाई हामी पुनः जोमसोमलाई लक्ष्य बनाउँदै अघि बढ्यौं । बाटो अब अलिकति चौडा र व्यवस्थित देखिन्थ्यो । भारी बोक्ने खच्चरहरुको समूहसँग बेलाबखत भेट हुन्थ्यो । यस्तै क्रममा हामीले हामीसँग वीरेठाटीसम्म आएका चारजना स्पेनिशहरुलाई जोमसोमबाट फर्कदै गरेको भेटदा हामी आश्चर्यचकित भयौं ।

हामी वीरेठाटीबाट हिँडेपछि उनीहरु पुनः पोखरा फर्की अर्को दुई दिन कुरेर प्लेनबाट जोमसोम आई दुई दिन बसेर पोखरा फर्कन लागेका रहेछन् । हामीले हाम्रो हिँडाइको अनुभव उनीहरुलाई सुनायौं । उनीहरुलाई वाइ भन्दै पुनः अघि बढिरहँदा बेलुका भएको पत्तै भएन । हामी मुस्ताङको राजधानी जोमसोम आइपुगेका रहेछौं । त्यहाँ पनि हामी पोखरा, तातोपानीमा जस्तै ओम्सहोम लज पुगी आफ्नो भारी बिसायौं । आफ्नो लक्ष्यमा आइपुगेको कारण मोनिका र म दुवै अति नै हर्षित थियौं ।

अब हाम्रो लागि समस्या भनेको प्लेनबाट पोखरा फर्कन पाइन्छ कि पाइँदैन भन्ने चिन्ता मात्रै थियो । भोलिपल्ट दिनभरी सफा सिनित्त परेको जोमसोम बजार घुमी बितायौं । पर्सिपल्ट बिहानै पोखराबाट प्लेन आई लैण्ड गरेको देखेपछि हाम्रो हर्षको सीमा नै रहेन । बिहानको १० बजेको प्लेन लिई हामी पोखरा फर्क्यौं ।

# २३. मास्कोमा आयोजित विश्वका ८१ कम्युनिस्ट तथा मजदुर पार्टीहरूको सम्मेलन-२




■ शम्भुराम श्रेष्ठ

सम्मेलनका कार्य सुरु भएपछि का.खुश्चोवले केही हप्ताअघि बर्लिनमा भएको तयारी समितिले तयार पारेको राजनीतिक दस्तावेज प्रस्तुत गर्नुभयो । उक्त तयारी समितिमा भाग लिन हाम्रो पार्टीलाई पनि निम्त्याइएको थियो र पार्टी केन्द्रीय कमिटीले त्यसमा भाग लिन मलाई बलिएन पठाउने निर्णय पनि गरेको थियो तर ढिलो निम्ता आएकाले पासपोर्ट लिन नभ्याइएकाले मैले जान पाइँन । का.खुश्चोवद्वारा सम्मेलनमा प्रस्तुत मस्यौदा राजनीतिक दस्तावेजको मूल वस्तुतत्व जनताको जनवाद वस्तुतः सर्वहारा अधिनायकत्व भएकाले त्यो पुँजीवादी जनतान्त्रिक क्रान्तिको निम्ति उपयुक्त छैन । त्यसैले हामीले त्यसको सट्टा साम्राज्यवाद विरोधी तथा सामन्तवाद विरोधी पुँजीवादी वर्गको नेतृत्व अन्तर्गत चल्ने राष्ट्रिय प्रजातन्त्रलाई अपनाउनुपर्छ भन्ने थियो, जो वास्तवमा पूर्ण रुपले नै गलत थियो, किनकि त्यो पूर्णरुपले संशोधनवादी कार्यक्रम थियो । यसबाहेक सोभियत पार्टीको खुश्चोव नेतृत्वले दक्षिण भियतनाममा सुरु हुनै लागेको सशस्त्र क्रान्तिको पनि खुलेरै विरोध गरेको थियो र किनरे भने त्यसले गर्दा फेरि विश्वयुद्ध हुने खतरा हुन्छ। उहाँले उपरोक्त मस्यौदा दस्तावेज प्रस्तुत गर्ने क्रमको भाषणमा तेस्रो विश्वयुद्ध अहिले पनि अवश्यम्भावी छ भन्ने भनाइको खण्डन गर्दा फेरि विश्वयुद्ध हुने खतरा हुन्छ । उहाँले उपरोक्त मस्यौदा दस्तावेज प्रस्तुत गर्ने क्रमको भाषणमा तेस्रो विश्वयुद्ध अहिले पनि अवश्यम्भावी छ भन्ने भनाइको खण्डन गर्दै साम्राज्यवाद कोटको बटन जत्तिकै सानो भइसकेको स्थितिमा पनि तेस्रो विश्वयुद्ध अवश्यम्भावी छ भन्नु हास्यास्पद सिवाय केही हुन सक्दैन भनेर पनि भन्नुभयो । उहाँको यो भनाइ तर्क विरुद्धको तर्कमात्र थियो, वस्तुगत सत्य थिएन । जहाँसम्म तेस्रो विश्व युद्ध हुन्छ कि हुँदैन भन्ने सवाल छ, त्यो हुँदै हुँदैन, अर्थात् हुनै सक्दैन भनेर पनि भन्न सकिँदैन । साम्राज्यवाद रहेसम्म युद्धहरु भइ नै रहने छन् र भइरहेका पनि छन् । यो तथ्यलाई कसैले नकार्न सक्दैन ।

जहाँसम्म साम्राज्यवाद विरोधी र सामन्तवाद विरोधी पुँजीवादी वर्गको नेतृत्व अन्तर्गतको राष्ट्रिय प्रजातन्त्रको सवाल छ, त्यो प्रस्तावित थ्योरी पनि गलत छ । किन गत छ भने पहिलो कुरा त साम्राज्यवाद खुवै पुँजीवादको विकसित रुप हो र कुनै पनि कुरा भोलि खुद आफैं विकसित भएर जाने अवस्थाको विरोधी हुँदैन र दोस्रो कुरा आर्थिक विकासका नियमअनुसार पुँजीवाद आधारभूत रुपले नै सामन्तवाद विरोधी भए तापनि राजनीतिक रुपले त्यो कहिल्यै सामन्तवादलाई पूर्ण रुपले उन्मूलन गर्ने पक्षमा रहेको हुँदैन र केही हदसम्म त्यसलाई बचाइराख्ने पक्षमा रहेको हुन्छ । यसबाट का.खुश्चोवद्वारा प्रस्तावित पुँजीपति वर्ग अन्तर्गतको राष्ट्रिय प्रजातन्त्र सम्बन्धी थ्योरी विल्कुलै गलत सावित हुन्छ ।

सोभियत कम्युनिस्ट पार्टीको केन्द्रीय कमिटीको तर्फबाट का.खुश्चोवद्वारा सम्मेलनमा प्रस्तुत भएका माथि उल्लिखित दुइटै प्रस्तावहरुको खुलेर र डटेर विरोध गर्ने ८१ कम्युनिस्ट तथा मजदुर पार्टीहरुमध्ये दुइटै मात्रै कम्युनिस्ट पार्टीहरु भए चिनियाँ कम्युनिस्ट पार्टी र अल्वानियन कम्युनिस्ट पार्टी । दक्षिण भियतनाममा सशस्त्र क्रान्ति अहिले छेड्नु हुँदैन भन्ने का.खुश्चोवको भनाइको ठाडो विरोध गर्ने पनि ती नै चिनिया तथा अल्वानियन कम्युनिस्ट पार्टीहरु मात्रै भए यहाँसम्म कि का.हो ची मिन्हको नेतृत्वमा सम्मेलनमा भाग लिइरहेको भियतनामी कम्युनिस्ट पार्टीले समेत खुलेर खुश्चोवको विरोध गरेन, यद्यपि भियतनामी पार्टी का.खुश्चोवको भनाइको पक्षमा विल्कुलै थिएन र थिएन भन्ने कुरा मास्को सम्मेलनबाट स्वदेश फर्केको लगत्तै दक्षिण भियतनाममा त्यहाँको कठपुतली सरकारविरुद्ध भियतकङद्वारा सशस्त्र क्रान्ति छेडिएको घटनाद्वारा राम्ररी पुष्टि हुन्छ ।


यहाँनेरै सोभियत कम्युनिस्ट पार्टीको नवसंशोधनवादी नेतृत्व गुटको रवैयाबारे एक दुइटा कुरा उदाहरणको रुपमा उल्लेख गर्नु एकदमै आवश्यक ठान्छु । त्यो नेतृत्व गुटको रवैयाको एउटा रुप थियो । त्यो गुटले पूरै सम्मेलनमाथि आफ्नो विचार लाद्न खोज्नु र अरुको कुरा सुन्नु विल्कुलै तयार नहुनु, यो विल्कुलै लेनिनवादी विचार र व्यवहार विरुद्धको कुरा हो । त्यो रवैयाको अर्को रुप थियो खुद आफ्नै भ्रातृ पार्टीको विरोधमा पिठ् पछाडि कुरा गर्नु, त्यसको विरुद्ध अरु भ्रातृ पार्टीहरुलाई भड्काउनु र गुटबन्दी गर्नु, गर्न खोज्नु । हाम्रो प्रतिनिधिमण्डल सेकै डाचा (सुविधा सम्पन्न बंगला) मा त्यो नेतृत्व गुटका मान्छेहरु आएर चिनियाँ कम्युनिस्ट पार्टीको विरोधमा हामीहरुलाई भड्काउन आएका थिए । त्यसबेला हाम्रो प्रतिनिधिमण्डलका अरु सदस्यहरुले त केही बोलेनन् तर मैले चाहिँ त्यसको ठाडो विरोध गरें । त्यही दिनमै सम्मेलन हलमै चिनियाँ प्रतिनिधिमण्डलसँग भोलि भेटवार्ता गर्ने कुरा मिलायौं ।


(क्रमशः)

# जापान : विदेशीको अनुरोध लत्याउन नसक्ने युवतीहरूको देश-४

नियात्रा संस्मरण

**घनश्याम राजकर्णिकार**





समयको पाङ्ग्रो घुमिरहँदा त्यो ठाउँ अहिले प्रेमीप्रेमिकाहरू भेटघाट गर्ने, एकअर्कालाई पर्खिरहने ठाउँ भएको रहेछ । यी कुराहरू थाहा पाएपछि त्यतातिरको दृश्यले मलाई झन् आकर्षित तुल्यायो र त्यहाँ पर्खिरहेका युवकयुवतीहरूमध्ये कुनै चुरोट पिइरहेका, कुनै आफ्ना दुवै हात पाइन्टको खल्तीभित्र पसाली ठिङ्ग उभिरहेका देख्दा साँच्चै यो ठाउँ प्रेमीप्रेमिकाको प्रतीक्षास्थल रहेछ भन्ने सम्झेँ ।

**मन्दिरैमन्दिरको सहर क्योटो**

टोकियोबाट सुपर एक्सप्रेस ट्रेनद्वारा करिब तीन घण्टामा क्योटो पुगी त्यहाँ बौद्ध मन्दिरको प्राचुर्य देख्दा मलाई मन्दिरैमन्दिरको सहर भनिने काठमाडौंमा नै डुलिरहेको जस्तो लाग्यो । यहाँ करिब सोह्र सयओटा बौद्ध मन्दिरहरू छन् भनेको सुन्दा नेपाली विभूति भगवान् बुद्धको यहाँ राम्रो कदर भएको मैले सगर्व अनुभव गरेँ । जापानका ठूलाठूला सहरहरूमा पाँचौंमा गनिने यो क्योटो सहरले केवल बौद्ध मन्दिरको प्राचुर्य मात्र दर्साएको छैन, जापानको प्राचीन सभ्यताको वैभव तथा संस्कृतिका अनुपम झाँकीहरू पनि उद्घाटित गरिदिएको छ । एक हजार वर्षभन्दा बढी अवधि (७९४-१८६८) सम्म जापानको राजधानी बसिसकेको यो सहरमा विभिन्न प्राचीन सांस्कृतिक नाच, गान तथा उत्सवहरू जापानको अरू ठाउँमा भन्दा सालसालै धेरै पटक हुँदा रहेछन् ।

**बुद्धधर्म जीवित रहेको देश**

सोचेर हेर्दा विश्वका अग्रिम मुलुकहरूमध्ये एक गनिएको तथा एसिया महाद्वीपमा सबभन्दा बढी समृद्ध, सम्पन्न तथा समुन्नत भएको जापानजस्तो विकसित देशमा बौद्ध धर्मप्रति भएको सद्भावना देख्दा मैले स्तम्भित हुनुपरेको थियो । नेपाल बुद्धभूमि हो जसले भगवान् बुद्धलाई जन्म दियो । तर बुद्ध र उनको उपदेशलाई नेपालीले राम्ररी बुझ्न तथा मनन गर्न सकेको छैन कि भनेजस्तो भावना नारा र क्योटोका बौद्ध मन्दिरहरू चहारेर हेर्दा तथा जापानमा बौद्ध धर्मावलम्बीहरूको प्राचुर्यता देख्दा मेरो मनमा आयो । त्यो देख्दा बुद्ध र उनका उपदेशलाई जान्ने, बुझ्ने तथा पालन गर्ने त जापानीहरू नै रहेछन् भन्ने लाग्यो । निश्चय नै जापान त्यो देश हो जहाँ बुद्धधर्म जीवित छ र दिनौंदिन विकसित हुँदै छ । भनिन्छ, करिब साठी प्रतिशत जापानीहरू बुद्धका आधार शास्त्रविधिलाई व्यवहारमा ल्याइरहेका छन् । बुद्धको आदर्शबाट प्रेरित भई एक जना जापानीले बौद्ध धर्मप्रति व्यक्त गरेको मन्तव्य साँच्चै अनुकरणीय छ । उनको भनाइअनुसार बुद्धजस्ता महान् व्यक्तिको पहिरनको नक्कल गरेर वा उनको नाम लिएर मात्र कुनै व्यक्ति वा समाजले विकासको गति प्राप्त गर्न सक्दैन । 'आफ्नो निर्वाणका लागि स्वयम् साधना गर । म तिमीहरूको सहायता गर्न सक्दिनँ, न तिम्रो सहायता अरू कोही गर्न सक्छ। आफ्नो सहायता आफैं गर । निर्मल मन र शान्ति होस्, कलह केही नहोस्' जस्ता भगवान् बुद्धका आदर्श वाक्य तथा आत्मोन्नतिका शिक्षाहरू व्यक्तिविशेषका लागि मात्र होइन समाजउत्थानका लागि पनि उपयुक्त देखिन्छ ।

**जहाँ बुद्धको सबभन्दा ठूलो ढलोटको मूर्ति बनेको थियो**

क्योटो सहर घुम्न जाने जोकोही पर्यटकले नारा सहरको पनि सेरोफेरो गरेकै हुँदो रहेछ । अतः म पनि क्योटो सहर पुग्दा त्यहाँबाट बयालीस किलोमिटर दक्षिणतिर पर्ने नारा सहरतिर पुगेँ जहाँबाट साहित्य, संस्कृति, कला, कौशल तथा उद्योगव्यवसायको सुरुआत, संवर्धन तथा विकास भएको थियो । त्यस क्योटोभन्दा पुरानो सहर नाराले जापानको प्रगतिको इतिहासमा प्रशंसनीय भूमिका खेलेको रहेछ । जापानमा बौद्ध धर्मको प्रारम्भ हुँदा त्यस देशको राजधानी नारा (६१०-७८४) थियो र त्यसपछि मात्र क्योटोमा सरेको रहेछ । भनिन्छ, जुन बेला नारा जापानको राजधानी थियो त्यस बेला तत्कालीन बादशाहहरूको बौद्ध धर्मप्रति अनुपम अनुराग थियो, फलस्वरूप त्यस बेला जापानमा बौद्ध धर्मको निकै ठूलो उन्नति भएको थियो । त्यसै बेलातिर नारामा संसारको सबैभन्दा ठूलो ढलोटको बुद्ध मूर्ति डाइवात्सुको निर्माण भएको थियो । त्यस बेला नारामा अहिलेको भन्दा धेरै सङ्ख्यामा बौद्ध मन्दिर, मठ, विहार आदि थिए तीमध्ये धेरै पछि आगलागीमा परी नष्ट भए त कुनै भत्केर-बिग्रेर गएका रहेछन् ।


**विदेशीको अनुरोध लत्याउन नसक्ने युवतीद्वय**

जापानका आइमाईहरूको राष्ट्रिय पोसाक 'किमोनो' प्रति म विशेष आकर्षित भएको छु । आजकाल यसको लोप हुँदै छ र राष्ट्रिय संस्कृतिको एउटा रूपमा मात्र यो रहेको छ । पिँडौला उदाङ्ग पारेर नितम्बको भाग मात्र छोपिने 'मिनीस्कर्ट' लगाएका पश्चिमा देशका केटीहरूलाई देख्दा विकासको चरम सीमामा पुगेका पश्चिमा राष्ट्रको विवेक-विचार र पूर्वीय राष्ट्रको विवेक-विचार विषम धुरीमा अवस्थित भएको छ भन्नुपर्छ । मिनीस्कर्टले चञ्चलता, कामुकता तथा फितलोपन झल्काउँछ भने जापानी 'किमोनो' ले मधुरता, सहिष्णुता तथा समझदारी प्रष्ट्याउँछ जस्तो मलाई लाग्यो । सोधपुछमा एक जना गाइड जापानी केटीबाट थाहा पाएँ- पश्चिमेली स्कर्ट र यो पूर्वीय किमोनो दुवै एकअर्काबाट बाहिरी मात्र होइन अन्तरङ्ग दृष्टिमा पनि विभेद राख्दछन् । स्कर्ट लगाउँदा छिटोछरितो तथा सलक्क व्यक्तित्व झल्कन्छ भने किमोनो लगाउँदा राम्ररी हलचल नै गर्न नहुने राजहाँसको चाल भनूँ वा जङ्गी पोसाक लगाउँदा हुने शरीरको समन्वित तालको व्यक्तित्व उघ्रन्छ । त्यसैले भनिन्छ, किमोनो लगाउँदाको मन्द चालमा जुन पुतलीको हिसीको आभास हुन्छ त्यही हिसी मिनीस्कर्ट लगाउँदा कसैले निकाल्न खोज्छ भने त्यो खिसीको पात्र बन्न पुग्छ । अर्को कुरा, यो किमोनो र हाम्रा आइमाईले लगाउने सारीमा अधिकांश समानता देखेँ । सरदर नेपालीहरूजस्तै जापानीहरूलाई पनि प्रकृतिले कम उचाइ भएको जाति बनाइदिएको छ ।

(क्रमशः)

स्वास्थ्य

## तिहारको मसलाका कति फाइदा ?



ड्राइ फ्रुट्स अर्थात् मसला मिठो नलाग्ने व्यक्तिहरु सायदै कोही होला । मसला भन्नासाथ काजु, किसमिस र पेस्ताको सम्झना आउन थाल्छ । विशेषगरी यी मसलाहरु धेरैका लागि प्रिय हुन्छ । अहिले हामी तिहारको नजिक छौं । यो समयमा मसलाको छुट्टै महत्व हुन्छ ।

तिहारमा लक्ष्मीको पूजा हुने भएकाले मसला त्यस्तो कुरा हो जसबिना लक्ष्मीको पूजा अपुरो हुन्छ । मसलामध्येको मखना माता लक्ष्मीको अति नै प्रिय कुरा हो । त्यस्तै भाइटीकामा पनि दाजु-भाइको स्वास्थ राम्रो होस् भन्ने कामनाका साथ भाइटीका गरेपछि दाजु-भाइलाई उपहार स्वरुप मसला पनि दिइन्छ ।

त्यस्तै, हिजोआज आफन्त र साथीभाइमा पनि तिहारको उपहार स्वरुप मिठाईसँगै मसला पनि दिइन्छ । मसला खानमा स्वादिष्ट मात्र होइन, यसको सेवनले शरीरलाई धेरै फाइदाहरु पनि प्राप्त हुन्छ । तिहारको समय भएकाले आजभोलि बजारमा मसलाहरु उपलब्ध छन् भने तिहारका लागि भनेर मसला किन्नेहरुको भिड पनि जम्मा हुन थालिसकेको छ । हामी स्वादका लागि त मसलाको सेवन गर्छौं नै, तर विभिन्न प्रकारका यी मसलाहरुले हाम्रो स्वास्थ्यमा के-कस्ता फाइदा त ?

**काजु**

काजु मन नपर्ने व्यक्ति सायद कमै होलान् । काजु बच्चादेखि बृद्धसम्म सबैलाई उस्तै प्रिय लाग्छ । हल्का गुलियो र नरम स्वादको काजुमा भिटामिन-इ पर्याप्त मात्रामा पाइन्छ । विशेषज्ञहरुका अनुसार काजुमा एन्टि(एजिङ तत्व पाईन्छ, जुन तपाईंको स्वास्थको साथै छालाको लागि पनि धेरै फाइदाजनक सिद्ध हुन्छ । काजुको सेवन गर्नाले तपाईंको छाला चम्किलो हुन्छ । तपाईको अनुहार उमेरभन्दा कम जस्तो देखिन्छ ।

**बदाम**

बदाम एउटा त्यस्तो मसला हो, जसलाई विशेषताहरुको खानी मानिन्छ । यसलाई तपाईंले हरेक रुपमा प्रयोग गर्न सक्नुहुन्छ । बिहान ४(५ वटा बदाम खाने गर्नाले बिभिन्न किसिमको रोगहरुबाट मुक्ति मिल्छ ।

**किसमिस**

किसमिसलाई क्याल्सियम र फाइबरको एउटा राम्रो स्रोत मानिन्छ । यसलाई हरेक दिन सेवन गर्नाले शरीरको हड्डिहरु बलियो हुनुको साथै यसको नियमित सेवनले शरीरमा रगतको कमी हुन पाउँदैन । यसबाहेक किससिम खानाले एनिमिया, दाँतमा हुने क्याविटी र किड्नीको पत्थरी पनि हुँदैन । यसमा ग्लूकोज र फ्रक्टोज पाइन्छ, जसले शरीरलाई उर्जा प्रदान गर्छ । दुब्ला-पातला व्यक्तिहरुका लागि किसमिस सेवन गर्नु अति नै फाइदाजनक हुन्छ ।

**पेस्ता**

पेस्ता हाम्रो स्वास्थको लागि अति नै लाभदायक हुन्छ । यसमा म्याग्नेसियम, कपर, रेशा, फस्फोरस र भिटामिन(बी जस्ता तत्वहरु पर्याप्त मात्रामा पाइन्छ । पेस्ताले शरीरको कोलेस्ट्रोललाई कम गरेर मुटुसँग सम्बन्धित रोगहरुबाट तपाईको रक्षा गर्छ ।

**ओखर**

ओखरको आकारलाई ध्यान दिएर हेर्ने हो भने यो ठीक मनुष्यको मस्तिष्कको आकार जस्तो हुन्छ । ओखरको नियमित सेवनले मस्तिष्कलाई फाइदा पुग्छ । यसको दिनहुँ सेवन गर्ने व्यक्तिको दिमाग तेज चल्छ ।

**मखना**

मखनाको सेवनले शरीरमा धेरै फाइदाहरु हुन्छन् । मखना सेवन गर्नाले तनाव कम हुन्छ साथै राम्रो निद्रा पनि लाग्छ । राति सुत्नु अगाडि मखनालाई दुधसँग सेवन गर्नाले निद्रा नलाग्ने समस्या कम हुन्छ ।

**छोकडा**

छोकडाको सेवनले शरीरमा धेरै फाइदा हुन्छ । यसको नियमित सेवनले पेट सम्बन्धी समस्याहरु कम हुन्छ । त्यस्तै खोकी लाग्दा पनि यसलाई हल्का पोलेर सेवन गर्नाले खोकी निको हुन्छ । यसरी भिन्दाभिन्दै प्रकारका मसला (ड्राइ फ्रुट्स) खानाले हाम्रो शरीरमा बिभिन्न प्रकारको फाइदाहरु प्राप्त हुन्छ । त्यसैले आफ्नो स्वास्थ्यलाई ध्यानमा राख्दै मसला सेवन गर्नु स्वस्थ्यकर हुन्छ । यदि तपाईंलाई ब्लड प्रेसर अथवा अन्य कुनै स्वास्थ समस्या छ भने यसको सेवन डाक्टरको सल्लाह बमोजिम गर्नुपर्छ ।

## नेपाली युवा वैज्ञानिकलाई स्वर्णपदक




काठमाडौं । नेपाली युवा वैज्ञानिकहरुले रुसमा सम्पन्न आठौं एशिया प्यासिफिक योङ्ग साइन्टिस्ट कन्फ्रेन्समा स्वर्ण सहित तीन पदक जितेका छन्। २३ राष्ट्रका प्रतिस्पर्धीलाई पछि पार्दै नेपाली युवा वैज्ञानकहरु स्वराज सागर प्रधानले गोल्ड मेडल जितेका हुन्।

यसैगरि युवा वैज्ञानिकहरु दिक्षा संजेल र ऋषी कुमार गुप्ताले पनि ब्राउन्ज मेडल जितेका छन् । गोल्ड मेडल विजयी प्रधान साउथ वेस्टर्न स्टेट कलेज, बसुन्धराका विद्यार्थी हुन् भने संजेल अस्मिता स्कुल र गुप्ता काठमाण्डौं मोडेल कलेजमा अध्ययनरत छन् ।

प्रधानले युज अफ माइक्रोस्याटलाइट फर ग्लोबल कनेक्टीभिटी, हाईस्पीड ट्रान्समिशन एण्ड डाटा एनालाइसिस बिषयमा आफ्नो प्रस्तुती दिएका थिए।

अक्टोबर १४ देखि १९ सम्म आयोजित सो सम्मेलनमा नेपालको तर्फबाट सहभागी विभिन्न कलेजका ९ विद्यार्थीहरुले सहभागीता जनाएका थिए। गत महिना नेपाल पोलिमर इन्ष्टिच्यूटको आयोजनामा भएको राष्ट्रियस्तरको चौथो युवा वैज्ञानिक सम्मेलनमा विभिन्न विधामा उत्कृष्ट भएका विद्यार्थीलाई इन्ष्टिच्यूटको पहलमा उक्त सम्मेलनमा पठाईएको थियो। सम्मेलनबाट नेपाली वैज्ञानिकको टोली सोमबार स्वदेश फर्किएको छ।

Office Equipment Problems?
Get your solution today!
CrossWeb
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003

# भारतमा धार्मिक द्वन्द्व चर्किएकै हो त ?



विष्णु भट्टराई

एक शताब्दीअघि देखि सुरु भएको अयोध्या विवाद भारतको सबैभन्दा पेचिलो अदालती मामिला हो। उत्तर प्रदेशमा रहेको अयोध्या हिन्दूहरूका देवता रामको जन्मस्थल हो। तर, मुस्लिमहरूले आफूहरूले त्यहाँ रहेको एउटा मस्जिदमा वर्षौंदेखि प्रार्थना गर्दै आएको बताउँदै आएका छन्। जग्गाको स्वामित्वलाई लिएर चलेको विवाद सर्वोच्च अदालतसम्म पुगेको छ। शताब्दी लामो विवादबारे सर्वोच्च अदालतले एक महिनापछि फैसला गर्ने भएको छ। सो विषयमा अदालतको अन्तिम सुनुवाइ यसै साता सकिएको छ।

विवादको मुख्य केन्द्र १६औं शताब्दीमा निर्माण गरिएको मुस्लिमको पवित्र धार्मिकस्थल मस्जिद हो, जसलाई सन् १९९२ मा हिन्दूहरूको एउटा समूहले भत्काइदिएका थिए। मस्जिद भत्किएपछि भड्किएको दंगामा दुई हजारजनाको मृत्यु भएको थियो। अधिकांश हिन्दूहरूको दाबी यो छ कि बाबरी मस्जिद एउटा हिन्दू मन्दिरको भग्नावशेषमा खडा गरिएको थियो। हिन्दू मन्दिरमा अतिक्रमण गरेर मुसलमानले मस्जिद ठडाएको हिन्दूहरूको दाबी छ, जसलाई मुसलमानहरूले अस्वीकार गर्दै आएका छन्।

आफूहरूले सन् १९४९ को डिसेम्बरसम्म अयोध्यामा रहेको एउटा मस्जिदमा पूजा गर्दै आएको, तर केही हिन्दूहरूले मस्जिदमा नै रामको मूर्ति स्थापना गरेर गर्न थालेपछि विवाद बढेको मुसलमानहरूको भनाइ छ। आ-आफ्नो स्वामित्वको दाबी गर्दै दुवै धर्मावलम्बी दशकौंदेखि अदातलमा पुगेका छन्। स्वामित्वको विषयलाई अदालतले आगामी महिना फैसला दिने संकेत गरेपछि सम्पूर्ण भारतीयको ध्यान अयोध्यातर्फ मोडिएको छ।

अदालतको फैसलालाई उत्सुकतापूर्वक पर्खिरहेका वेला मस्जिद ठडिएको सो क्षेत्रमा हिन्दू मन्दिर बनाउन हिन्दूवादीहरूले आह्वान गरेका छन्। हिन्दूवादी पार्टी भाजपाकै केही नेताहरूले यस्तो आह्वान गरेका हुन्। सर्वोच्च अदालतका पाँचजना न्यायाधीशले सुनुवाइ गरेका छन्। नोभेम्बर ४ देखि १५ को अवधिमा फैसला आउने अनुमान गरिएको छ।

अयोध्या विवाद एक शताब्दीभन्दा लामो समयदेखि विभिन्न अदालतमा पुगेको छ। यो मुद्दा मुख्यतया तीनवटा समूहबीच लडिँदै आएको छः दुईवटा हिन्दू समूह र मुस्लिम वक्फ बोर्डबीच। बोर्डले भारतका मुस्लिम सम्पदा व्यवस्थापनको जिम्मा लिने गरेको छ। हिन्दू प्रतिवादीमा दक्षिणपन्थी राजनीतिक दल हिन्दू महासभा र हिन्दू सन्न्यासीहरूको एउटा सम्प्रदाय निर्मोही अखडा छन्।

अयोध्या विवादलाई अलाहवाद उच्च न्यायालयले सन् २०१० को सेप्टेम्बरमा फैसला गरेको थियो । अदालतले विवादित २ दशमलव ७७ एकड भूमिलाई बराबरी तीन भागमा बाँड्न फैसला गरेको थियो । हिन्दू र मुस्लिम समूहले सो फैसलाविरुद्ध सर्वोच्चमा अपिल गरेका थिए ।

मस्जिद भत्काइएको एक दशकपछि सन् २००२ मा उनीहरूले अयोध्या विवादलाई अलाहवाद उच्च न्यायालयमा दर्ता गरेका थिए। सो मुद्दाको फैसला सन् २०१० को सेप्टेम्बरमा आएको थियो। अदालतले विवादित २ दशमलव ७७ एकड भूमिलाई बराबरी तीन भागमा बाँड्न फैसला गरेको थियो। अयोध्यालाई तीन भागमा टुर्क्याएर मुसलमानलाई एकतिहाई, हिन्दूलाई अर्को एकतिहाई र बाँकी निर्मोही अखडालाई दिनुपर्ने फैसला गरेको थियो।

मुख्य विभाजित क्षेत्रको नियन्त्रण (जहाँ कुनै वेला मस्जिद ठडिएको थियो) भने हिन्दूलाई दिइनुपर्ने फैसला गरिएको थियो। अदालतले तीनवटा टिप्पणी गरेको थियो। विवादित क्षेत्र भगवान् रामको जन्मभूमि भएको, हिन्दू मन्दिर भत्काएपछि बाबरी मस्जिद बनाइएको र मस्जिद मुस्लिम मान्यताविपरीत निर्माण गरिएको अदालतले ठहर गरेको थियो। हिन्दू र मुस्लिम समूहले सो फैसलाविरुद्ध सर्वोच्चमा अपिल गरेपछि सर्वोच्चले सन् २०११ मा आफ्नो फैसला स्थगित गरेको थियो।

गत मेमा सम्पन्न लोकसभा निर्वाचनका भारतीय जनता पार्टीको प्रमुख मुद्दामध्ये एक थियो, राम मन्दिरको निर्माण । चुनावी नारामा जति सहज रूपमा राम मन्दिर निर्माणको कुरा गरिएको छ, त्यति सहजता राम मन्दिर निर्माणमा थिएन । किनकि, यो मुद्दा अदालतमा विचाराधीन अवस्थामा छ । हिन्दू धर्मको संरक्षण र विशेष गरी राम मन्दिर निर्माणलाई मुख्य मुद्दा बनाएर हिन्दू बहुल भारतमा राजनीतिक पकड बनाएको भाजपासामु अब आफ्नो बाचा पूरा गर्ने जिम्मेवारी छ भने उसकै शुभेच्छुक संगठनहरू राष्ट्रिय स्वयं संघ र विश्व हिन्दू परिषद्ले भाजपालाई साथ दिइरहेका छन् । विवादास्पद राम जन्मभूमिसम्बन्धी मुद्दामा सर्वोच्च अदालतमा ४० दिन लामो बहस सकिएको छ र अब सबैको पर्खाइ फैसलातिर केन्द्रित छ । हिन्दू र मुस्लिम सम्प्रदायबीच अयोध्यास्थित विवादास्पद सो भूमिलाई लिएर लामो समयदेखि विवाद चल्दै आएको छ। हिन्दूले विवादास्पद भूमिमा राम जन्मभूमि भएको दाबी गर्दै आएका छन् भने मुस्लिमले बाबरी मस्जिदको भूमि भएको अडान राख्दै आएका छन्। बेलाबेलामा यही विषयले हिन्दू र मुस्लिमबीच तनाव सिर्जना गर्ने गर्छ।

६ डिसेम्बर १९९२ मा भाजपा निकट हिन्दू समर्थकहरूले अयोध्यास्थित बाबरी मस्जिद भत्काएपछि राम जन्मभूमि विवाद उत्कर्षमा पुग्यो । यसपछि सिर्जित हिंसाका



कारण सयौंको मृत्यु हुनुका साथै ठूलो धनजनको क्षति भयो । सन् २०१० मा इलाहाबाद उच्च अदालतले विवादास्पद भूमिलाई रामलीला (श्रीरामको बाल रूप), निर्मोही अखाडे र मुस्लिम पवित्र भूमिका रूपमा तीन भाग लगाउने निर्णय गऱ्यो। यो निर्णयलाई तीनै पक्षले अस्वीकार गरे । फैसलाविरुद्ध सर्वोच्चमा पुनः एक दर्जनभन्दा बढी रिट दायर गरिए। ती सबै रिटहरूलाई भारतको सर्वोच्च अदालतले एउटै इजलासमा हेरिरहेको छ । जसको नेतृत्व सर्वोच्च अदालतका मुख्य न्यायाधीश रञ्जल गोगोईले गरिरहेका छन् ।

करिब दुईवटा फुटबल मैदान जति अर्थात् २.७७ एकड जमिनका लागि चलिरहेको यो विवाद भारतको इतिहासकै सबैभन्दा लामो विवाद हो । थोरै जमिन भए पनि यो साधारण जमिन होइन । यही पौने तीन एकड जमिनमा हिन्दू र मुस्लिम समाजको आस्था जोडिएको छ । यो मुद्दा दशकौंदेखि अदालतमा रहेको छ । तर, अब फैसलाको समय नजिकिएको संकेत मिलिरहेको छ । १६ अक्टोबरमा ४० दिन लामो सुनुवाइ सकिएको छ। सुनुवाइसँगै माहोल भारतभर तातिएको छ। हिन्दू र मुस्लिम दुवै समाजले यो मुद्दालाई चनाखो साथ हेरिरहेका छन् । भारतको सर्वोच्च अदालतको इतिहासमा नै दोस्रो सबैभन्दा लामो सुनुवाइ भएको यो मुद्दा भारतको इतिहासकै सबैभन्दा लामो समय चलेको मुद्दा हो । त्यसैले, मुद्दामा सामेल तीनै पक्ष अदालतको फैसला आफ्नो पक्षमा आउने अपेक्षामा छन् ।

निर्मोही अखाडे पक्षले सर्वोच्च अदालतमा आफ्नो विषय राख्दै अयोध्याको विवादित जमिनमा राम मन्दिर बनाउन चाहेको बताएको छ । राम मन्दिरको किल्लालाई तोडेर मस्जिद बनाएको उसको दाबी छ । भारतको पुरातत्व सर्वेक्षणको खोजबाट मस्जिदको मुनि मन्दिर भएको दाबी गरिएको छ । निर्मोही अखाडे पक्षले सर्वोच्च अदालतमा राम मन्दिरको पक्षमा रहेकाहरूको दाबी प्रस्तुत गर्दै भनेका छन्, 'रामले जुन किल्ला बनाएका थिए, त्यहाँ बाबरका सेनापति मिर बाकीले १५२८ मा बाबरी मस्जिद भएको उल्लेख गरेका छन्।' निर्मोही अखाडेका तर्फबाट बसह गर्दै वकिल सुशीलकुमार जैनले सर्वोच्चमा तल्लो अदालतमा पेस गरिएका केही दस्तावेजको हवाला दिँदै राम मन्दिरको जन्मभूमिमा निर्मोही अखाडेको हक रहेको र सो भूमि उनलाई दिनुपर्ने दाबी गरेका छन् । 'सयौं वर्षदेखि विवादित जमिनभित्रको आँगन र राम जन्मस्थानमा हाम्रो (निर्मोही अखाडे) को कब्जा थियो,' उनले अदालतमा भने, 'झाँसी की रानी लक्ष्मीबाईको मृत्युभन्दा अघि उनको सुरक्षा निर्मोही अखाडेले नै गर्दथे ।' जुन स्थानलाई आज जन्मस्थान भनिन्छ, त्यहाँ निर्मोही अखाडेकै कब्जा छ । सन् १९३२ पछि मन्दिरको गेटभन्दा अघि मुस्लिमलाई जान निषेध थियो । केवल हिन्दू मात्रै यो स्थानमा जान पाउँथे । त्यसैले, विवादित जमिनको अधिकार निर्मोही अखाडेको नै हो । जैनका अनुसार विवादित जमिनमाथि हिन्दूले सन् १९३२ मा नै दाबी गरेका थिए भने मुस्लिमले सन् १९६२ मा मात्र आफ्नो दाबी पेस गरेका थिए ।

अदालतले सुनुवाइका क्रममा जन्मस्थानबारे सोधेको थियो । जसको जवाफमा वरिष्ठ वकिल के परासरनले भनेका थिए, 'जन्मस्थान ठीक त्यही स्थान मात्रै होइन । बरु आसपासको जमिन पनि यसकै दायरामा आउँछ । यसकारण पूरा इलाका जन्मस्थान हो । यस विषयमा कुनै विवाद छैन कि यो रामको जन्मस्थान हो । हिन्दू र मुस्लिम दुवै पक्षले विवादित जमिनलाई जन्मस्थान भन्ने गर्छन् ।' रामललाका तर्फबाट वरिष्ठ वकिल वैद्यनाथनले भने, '१६ डिसेम्बर १९४९ मा मुस्लिमले अन्तिमपटक यो स्थानमा नमाज पढेका थिए । यसको ६ दिनपछि २२ डिसेम्बर १९४९ मा यहाँ मूर्ति स्थापित गरियो ।' अदालतले सोधेको थियो, 'के मूर्ति राखेपछि मुस्लिमले त्यहाँ नमाज पढ्न सक्दैनन् ?' जवाफमा वैद्यनाथनले भने, ' त्यहाँ जान मुस्लिमलाई अनुमति थिएन ।'

आफ्नो बहसमा वैद्यनाथनले विलियम फिन्चको यात्रा वृत्तान्तको हवाला दिए । विलियम फिन्च १६०८ देखि १६११ को बीचमा भारत भ्रमणमा आएका थिए । वैद्यनाथनका अनुसार मुगल बादशाह अकबर र जहाँगिरको समयमा केही युरोपेली यात्री भारत आएका थिए । यसमध्ये विलियम फिन्च र विलियम हकिन्स थिए। उनीहरूले आफ्नो यात्रा वृत्तान्तमा अयोध्याका विषयमा उल्लेख गरेका छन्। वैद्यनाथनले अदालतमा भने, 'हामी यो भन्न सक्छौं कि १५ औं र १६ औं शताब्दीमा पनि मानिस रामको जन्म यही भएको विश्वास गर्दथे भन्ने कुरामा अदालत स्पष्ट हुन आवश्यक छ। किनकि, यसको प्रमाण भनेको पहिलेदेखि नै मन्दिर थियो, जसलाई पछि भत्काइएको थियो। यो स्थानलाई सधैं भगवान श्रीरामको जन्मस्थान नै मानिँदै आएको छ।' रामलला र निर्मोही अखाडेको तर्कमा मुस्लिम पक्ष सहमत छैन। यसका असन्तुष्टि जनाउँदै मुस्लिम पक्षले भारतीय पुरातत्व सर्वेक्षणको रिपोर्टमा समेत केही त्रुटि र कमी रहेको दाबी गरेको छ। भारतीय पुरातत्व सर्वेक्षणले विवादित स्थलको उत्खननका क्रममा पुराना कलाकृति, मूर्ति, खम्बा र मन्दिरको अर्को अवशेष प्राप्त गरेको थियो । एएसआईले आफ्नो रिपोर्टमा विवादित ढाँचा, जसलाई बाबरी मस्जिद भनिन्थ्यो, त्यसको तल एक विशाल मन्दिरको अवशेष भएको उल्लेख गरेको थियो ।

एएसआईको रिपोर्टमा मुस्लिम पक्ष असहमत रहेकोबारे सर्वोच्चले मुस्लिम पक्षका वकिल डा. राजीव धवन र मीनाक्षी अरोडासँग पुरातत्व सर्वेक्षणको रिपोर्टमा नै समस्या थियो भने मुस्लिम पक्षले इलाहाबाद उच्च अदालतमा सुनुवाइका क्रममा किन प्रश्न नगरेको भनेर सोधेको थियो । डा. राजीव धवनले यसको जवाफमा भने, ' हामीले निश्चित रूपमा एएसआईको रिपोर्टमाथि प्रश्न उठाएका थियौं। अदालतले सुनुवाइको अन्तिममा सुन्ने बताएको थियो। तर, अदालतले पछि हाम्रो विषय सुनेन ।' त्यसलगत्तै सर्वोच्चले मुस्लिम पक्षको यो तर्कलाई मान्दै यदि एएसआईको रिपोर्टविरुद्ध विज्ञको राय उच्च अदालतमा पेस गर्ने मौका दिएको भए अदालतले त्यसलाई पनि मान्ने थियो भन्ने प्रश्न उठाएको छ । जवाफमा डा. राजीव धवनले बाबरी मस्जिद-राम जन्मभूमिको विवादमा मुस्लिम पक्षलाई सन् १९४३ देखि नै हिन्दूले नमाज पढ्न नदिएको तर्क पेस गरेका थिए । सर्वोच्चले हिन्दूले नदिएपछि मुस्लिमले सो स्थानमा नमाज पढ्नका लागि कुनै कोसिस गरेको थियो भनेर प्रश्न गरेको थियो । जवाफमा डा. धवनले मुस्लिमले हरेक शुक्रबार नमाज पढेको तर विवादित स्थानमा नपढ्ने गरेको सुनाए । उनले भने, 'मस्जिदको चाबी मुस्लिमसँगै नै थियो । तर, प्रहरीले शुक्रबारबाहेक अरू दिन नमाज पढ्न दिँदैन थियो । मुस्लिम पक्षधरले पाँच जनाको संवैधानिक इजलासमा आफ्नो दाबी पेस गर्दै बाबरले मस्जिद बनाएको दलील पेस गरेका थिए। डा. धवनले भने, 'म बाबरनाम र यसको अनुवादको हवालाबाट यो भन्न सक्छु कि मस्जिद बाबरले नै बनाएका थिए।' जमिनमाथिको दाबी बलियो बनाउन धवनले धेरैभन्दा धेरै दस्तावेज, शिलालेख र अन्य प्रमाण अदालतमा पेस गरेका थिए । जसमा केही अरबी र फारसी भाषामा समेत लेखिएका थिए ।

दुई हिन्दू र एक मुस्लिम गरी तीनै पक्षको दलिलको फैसला सर्वोच्चका मुख्य न्यायाधीश रञ्जन गोगोईको अध्यक्षतामा रहेको पाँच न्यायाधीशको संवैधानिक इजलासबाट हुनेछ। मुख्य न्यायाधीश रञ्जन गोगोई १७ नोभेम्बरमा सेवा निवृत्त हुँदै छन् । त्यसैले, यसभन्दा एक दुई दिनअघि नै राम मन्दिर-बाबरी मस्जिद विवादको फैसला आउन सक्ने अनुमान गरिएको छ । यदि फैसला आएमा सन् १९४९ देखि चल्दै आएको राममन्दिर-बाबरी मस्जिद विवाद समाप्त हुन सक्छ । राजनीतिक रूपमा अत्यन्तै संवेदनशील मानिएको यो मुद्दामा हिन्दू पक्ष निर्मोही अखाडेले सन् १९५९ मा अदालतको ढोका ढक्ढक्याएको थियो। सुन्नी बक्फ बोर्डले सन् १९६१ मा र रामलला विराजमान पक्ष सन् १९८९ मा अदालत गएको थियो । तीनै पक्षले २.७७ एकड जमिनमाथि दाबी गर्दै आएका छन् ।

इलाहाबाद उच्च अदालतले आफ्नो सन् २०१० को ऐतिहासिक फैसलामा विवादास्पद भूमि तीनै पक्षलाई बाँढिदिएको थियो । यो फैसलाअन्तर्गत रामलला विराजमानले त्यो क्षेत्र पायो, जहाँ भगवान रामको जन्मस्थान भएको दाबी गरिएको थियो । यही स्थानमा नै बाबरी मस्जिद पनि भएको बताइन्छ । यो भित्रको क्षेत्र हो । यसको बाहिरको भूमि निर्मोही अखाडेलाई दिइएको थियो भने त्योभन्दा बाहिरको जमिन सुन्नी वक्फ बोर्डलाई दिइएको थियो ।


यो फैसलालाई तीनै पक्षले अस्वीकार गरे र सर्वोच्चमा रिट हाले । यसमाथि सन् २०११ मा सुनुवाइ हुनुपर्ने थियो । तर, वर्षौं ढिलाइपछि सर्वोच्चले ६ साताअघि सुनुवाइ सुरु गरेर लगातार ४० दिनमा पूरा गरिसकेको छ । तर, यसअघि ११ मार्चमा सर्वोच्च अदालतले नियुक्त गरेको तीन सदस्यीय मध्यस्थता समितिले १ अगस्टमा रिपोर्ट अदालतमा बुझाएको थियो । तीनै पक्षका अनुसार यो मध्यस्थता असफल भयो । मध्यस्थता समितिले अर्को चरणको रिपोर्ट पनि बुझाएको छ । यो रिपोर्टमा के छ भन्ने कुरा अहिलेसम्म पनि बाहिर आएको छैन । सर्वोच्चले मध्यस्थताबारे समाचार बनाउनसमेत रोक लगाएको छ । अब तीनै पक्ष आफ्नो अनुकूल फैसला आउने आशामा छन् ।

यो २.७७ एकड जमिनको कुराभन्दा पनि हिन्दू र मुस्लिम समुदायको आस्था जोडिएको विषय भएकाले इलाहाबाद उच्च अदालतको फैसला कायम रहन पनि सक्छ । यस्तो भएमा रामलला र निर्मोही अखाडेमध्ये राममन्दिर कसले बनाउँछ भन्ने प्रश्न उठ्नेछ । दुवै हिन्दू पक्ष यहाँ राम मन्दिर बनाउन सहमत भए पनि कसले बनाउने भन्नेमा आपसी विवाद छ । निर्मोही अखाडेका कात्तिक चोपडाले जित आफूहरूको भएमा मन्दिर बनाउने र पुरानो फैसला कायम रहेको अवस्थामा हिन्दू समाज र साधु सन्तसँग मिलेर भव्य राममन्दिर बनाउने दाबी गरेका छन्। विश्व हिन्दू परिषद्, हिन्दूको अर्को पक्ष रामलला विराजमानसँग छ। यसका वरिष्ठ अधिकारी चम्पत रायले मन्दिर रामजन्म भूमि न्यासले बनाउने बताएका छन् । राम जन्मभूमि न्यास अयोध्यामा मन्दिर निर्माणलाई बढावा दिने र यसको रेखदेखका लागि एक ट्रस्टका रूपमा गठित संगठन हो । उनले आफूहरूले ६ करोड हिन्दू जनतासँग पैसा उठाएको र मन्दिर बनाउनका लागि ६० प्रतिशत भवन निर्माणका सामग्री तयार रहेको दाबी गरेका छन् । तर, मन्दिरको रेखदेख कसले गर्छ ? चम्पत राय भन्छन्, 'पहिले मन्दिर त निर्माण होस्, त्यसपछि पैसा कसले खर्च गर्ने, रेखदेख कसले गर्ने, मूर्ति श्रीरामको बाल रूप रामललाको राख्ने कि धनुषवाला रामको राख्ने भन्ने निर्णय त्यतिबेलै हुन्छ ।' निर्मोही अखाडे रामललाको सट्टा धनुषवाला भगवान रामको प्रतिमा राख्नुपर्ने मत राख्छ। जबकि रामलला विराजमानको पक्षमा बोल्नेहरू रामललाको मूर्ति सन् १९४९ देखि नै रहेको र सोही मूर्ति स्थापित गर्ने बताउने गरेको छ ।

**एजेन्सीको सहयोगमा**

# Rafting in Nepal

Rafting in Nepal is on of the popular tourism activities in Nepal. Nepal is 2nd largest country for water resources and we have numerious 1310 rivers amoung them more then 12 revers are very popular for river rafting in Nepal. White water rafting is a popular water adventure sport in Nepal, River adventure /journey is not only for encountering with challenge of the torrential rapids of the mountain rivers but also to explore a typical cross section of the country's natural as well as ethno-cultural heritage. The northern part of Nepal is confined by the ever snowing mountains- Mt. Everest, Annapurna, Dhaulagiri, Manaslu and numerous peaks. The melting snows of these mountains enrich Nepal the second richest country in water resources and equally make the best country for whitewater rafting and Kayaking. All major rivers created from the Himalayas and running down the mountains offers tremendous exciting experience of white water rafting. Nepal river journey is one of the most enjoyable and effective ways to experience the life of rural areas and spectacular scenery of nature's beauty. Himalaya journey is a professional rafting company for the arrangement of thrilling white water rafting trips in Nepal



with safty. Our top preference is to provide quality service with safety to every client. Out rafting guides inform all the aspects of rafting and river safty before starting of each journey. Safety Kayakers are always along on high water expeditions. Nepal has many rivers for you to explore: Trishuli river rafting, Seti River Rafting, Bhote Khosi River Rafting, Kali Gandaki River Rafting, Marshyandi River Rafting, Sun Koshi River Rafting, Arun River Rafting, Karnali River whitewater Rafting, Tamur River whitewater Adventure, on these rivers you will find the world's most thrilling whitewaters with a wide range of diffifulties, warm water and bug free beaches for camping. All this makes a wealth of unlimited opportunities for great rafting, Kayaking, Climbing, Mountaineering, Biking, Hiking and ever Popular trekking adventures in Nepal.



Professional approach and white water expertise are what put DNTT's guides and staff in a category of their own. DNTT is the company to have all guides that meet the highest safety standards, with required certifications & Wilderness first aid etc. During the rafting expeditions experienced river guides and our well-trained cooks, and camp in luxury will escort you on clean river beaches.

**River Rafting**

Nepal has 1st position in water resources of Asia and 2nd rich country in the world after Brazil. Few rafting rivers in the world can match the thundering course of the rivers of Nepal originating from the snow meltdown of the Himalayan terrain. There are so many big, medium and small rivers for river rafting in Nepal.

प्रेरक

## मिलियन डलरको चित्र

स्पेनमा जन्मेका पाब्लो पिकासो चर्चित चित्रकार थिए। उनका चित्र संसारभर करोडौँ डलरमा बिक्थे। दुनियाँभर लाखौँ मानिस उनका चित्रका ठूला प्रशंसक थिए।

एकपटक कामविशेषले पिकासो कतै गइरहेका थिए। रातमा उनी कुनै एउटा होटेलमा रोकिए। त्यहाँका मानिस उनलाई चिन्दैनथे। तर, त्यही होटेलमा बसेकी एक महिलाले भने उनलाई चिनिन्। उनलाई देख्नासाथ उनी पिकासोनजिक गइन् र भनिन्- सर, म तपाईं र तपाईंका चित्रको ठूलो प्रशंसक हुँ। तपाईंसित भेट्न पाउँदा आफ्नो जीवन सफल भएको ठानेकी छु। कृपया हजुर मलाई एउटा कुनै चित्र बनाइदिनुस् न!

पिकासोले महिलाको अनुरोध सुनेपछि भने- अहिले नै त मेरा साथमा चित्र बनाउने कुनै पनि साधन छैन। पछि कुनै दिन म तपाईंका लागि अवश्यै चित्र बनाउने छु। तर, महिलाले जिद्दी गरिन्- फेरि अर्कोपटक तपाईंसित मेरो भेटघाट भएन भने मैले कहाँबाट चित्र पाउनु ? त्यसैले, जस्तो भए पनि अहिल्यै बनाइदिनुस् न। पिकासोले आफ्नो खल्तीबाट एउटा कागजको टुक्रा निकाले र होटेलकी रिसेप्सनिस्टसित एउटा कलम मागेर २० सेकेन्डभन्दा पनि कम समयमा केही कोरेर दिँदै भने- ल लिनुहोस्, यो मिलियन डलरको चित्र! चित्र पाएपछि ती महिला पिकासोलाई धन्यवाद दिएर त्यहाँबाट गइन्।

उनी मनमनै सोच्दै थिइन्- पिकासोले हतारमा जे पायो त्यही बनाइदिएर मलाई उल्लु बनाए। तैपनि, एकपटक बजारमा गएर यसको मूल्य बुझ्नुपर्‍यो। ती महिला बजार पुगिन् र चित्रहरू बेच्ने पसलमा गएर त्यस चित्रको मूल्य सोधिन्। साँच्चै पसलेले त्यस चित्रका लागि मिलियन डलर दिन सक्ने बताए। चित्रको मूल्य थाहा पाएपछि ती महिला आश्चर्यमा परिन्।

भोलिपल्ट ती महिला पुनः पिकासो भएको स्थानमा पुगिन् र भनिन्- सर, तपाईंले २० सेकेन्डभन्दा पनि कम समयमा मिलियन डलरको चित्र बनाइदिनुभयो। तपाईं साँच्चै महान् चित्रकार हुनुहुन्छ। तपाईं पनि मलाई चित्र बनाउन सिकाइदिनुहोस् न! २० सेकेन्डमा नसके पनि १० मिनेटमा त म पनि केही न केही बनाउन सक्छु कि ? महिलाको अनुरोध सुनेपछि हाँस्दै पिकासोले भने- हे देवी, मैले जुन २० सेकन्डमा चित्र बनाएँ, त्यसलाई सिक्न मलाई ३० वर्ष लाग्यो। तिमी पनि ३० वर्ष देऊ, पक्कै सिक्न सक्नेछौ। पिकासोको जवाफले महिला निरुत्तर भइन्।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ । हतारको निर्णयले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला । समयमा जुट्न नसक्दा आफ्नो काम रोकिन सक्छ। अरूका लागि उपयोग भइनेछ र बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ। आवेशको व्यवहार तथा सानो असमझदारीले आफन्तजन टाढिन सक्छन् । रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला ।

### बृष

अग्रज तथा सहयोगी जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ। कर्मयोगले नयाँ मोड लिनेछ भने पुरुषार्थी काम सम्पादन गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ। शत्रु परास्त हुनेछन् भने प्रतिस्पर्धीहरू पछि हट्नेछन् ।

### मिथुन

आफ्नै वचनबद्धता पालना गर्न नसक्ने स्थिति रहनेछ। अस्वस्थताका बाबजुद जिम्मेवारी थपिनेछन् । अरूका काममा समय बित्न सक्छ । काम बीचैमा रोकिनाले दोहोर्‍याउनुपर्ने स्थिति आउला । आशा देखाउनेहरूले धोका दिनेछन् । प्रयत्न गर्दा केही काम बन्नेछन् । अरूलाई फाइदा हुने काम सम्पादन गर्न सकिनेछ । अध्ययनतर्फ लक्ष्य पूरा नहुन सक्छ ।

### कर्कट

रमाइलो दिन छ । रचनात्मक काम प्रारम्भ गर्ने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । तर खानपानको सोखले स्वास्थ्य प्रतिकूल बन्न सक्छ। आफ्नो स्वामित्वका वस्तुमा अरूले दाबी गर्नेछन् । अवसरका साथ केही चुनौती पनि देखा पर्नेछन् ।

### सिंह

आकस्मिक खर्च बढ्नेछ भने आम्दानी कम हुनेछ । व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ । फाइदाका लागि दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । टाढाको यात्रा खर्चिलो र कष्टकर बन्न सक्छ । छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुहोला। भविष्यका लागि केही वस्तु त्याग्नुपर्ला । सोचेको नतिजा तत्काल प्राप्त नहुन सक्छ ।

### कन्या

दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ। आम्दानी बढ्नाले उत्साह जाग्नेछ। श्रमको उचित मूल्य पाइनेछ । दिगो फाइदा हुने काम प्रारम्भ होला । साझेदारीबाट पनि फाइदा उठाउन सकिनेछ। व्यापारमा राम्रै फड्को मार्ने समय छ । छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ। रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्नेछ ।

### तुला

नयाँ कामले नाम र दाम दिलाउनेछ । कर्म क्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ । मिहिनेतले सजिलै लक्ष्यमा पुऱ्याउनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ । पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ। व्यवसायमा सोचेको प्रगति हुनेछ । कर्मयोगले मानसम्मान समेत दिलाउनेछ।

### बृश्चिक

प्रयत्न गर्दा अवसर पाइनेछ। परोपकारी काममा सहभागी भइनेछ। तर आफ्ना कमजोरीको फाइदा उठाउनेहरू निकै सक्रिय हुनेछन्। धेरै समय अरूका लागि जुट्नुपर्नेछ । लक्ष्यमा पुग्न निकै संघर्ष गर्नुपर्ला। श्रमपूर्वक समर्पित हुँदा पनि कामको मूल्य कम मात्र प्राप्त हुने देखिन्छ । हिसाबकिताबमा होसियार रहनुहोला । व्यावसायिक कामलाई निरन्तरता दिन सकिनेछ।

### धन

परिस्थितिको चक्रमा अलमलिनुपर्दा काम बन्न समय लाग्नेछ । अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ । चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ला । गोपनीयता बाहिरिए पनि मिहिनेत गर्दा केही काम बन्नेछन् । तत्काल उपलब्धि प्राप्त नभए पनि सम्भावना खोजी गर्ने समय छ। रोकिएको काममा दोहोर्‍याएर प्रयत्न गर्नुहोला । पछि फाइदा हुने काम गर्न सकिनेछ।

### मकर

घुमफिर तथा मनोरञ्जनको समय छ । प्रियजनसँगको भेटघाटले दिन निकै रमाइलो र उत्साहवर्द्धक रहनेछ । परिस्थितिले नयाँ मार्गतर्फ अग्रसर गराउन सक्छ। नयाँ परिवेशमा पुगिनेछ, नयाँ साथीभाइ भेटिनेछन् । प्रेमको बन्धन कसिनेछ । साथीभाइ र सहयोगीहरूले साथ दिनेछन्। पहिलेको दुविधाले निर्णायक मोड लिनेछ। भौतिक सुविधा जुटाउन सकिनेछ।

### कुम्भ

चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्‍याउनेछ । ईर्ष्या गर्नेहरू स्वयं पछि पर्नेछन् भने कर्मयोगले भविष्यको बाटो समाउनेछ । मिहिनेतले काममा सफलता दिलाउनेछ । समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। रोग तथा शत्रुमाथि विजय प्राप्त हुनेछ। प्रतिस्पर्धाको दौडमा समेत जित हासिल हुनेछ।

### मीन

कामको मेसो नमिल्दा पछि परिनेछ । अरूका लागि बुद्धि खर्चनुपर्ला । स्वास्थ्य कमजोर रहनाले अध्ययनमा ध्यान केन्द्रित नहुन सक्छ । समयको गतिलाई पछ्याउने प्रयास गर्नुहोला। सम्भावना देखिए पनि उपलब्धि हातपार्न धेरै श्रम गर्नुपर्ला । प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्‍याउनुपर्ला। अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ।

# शुभकामना आदानप्रदान एवं स्रष्टा सम्मान



काठमाडौं । विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानले गत कात्तिक ५ गतेका दिन एक समारोहबीच घट्टेकुलो विकास समाजको हल, काठमाडौंमा तिहारको शुभकामना आदान प्रदान गर्नुको साथै बेलायत निवासी दुईजना स्रष्टालाई सम्मान गरेको छ ।

बेलायतको नेपाली डायस्पोरामा रहेर नेपाली भाषा, साहित्य र संस्कृतिको जगेर्नामा लागि परेकी विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठान बेलायत(युरोप च्याप्टर) की महासचिव मन्जु भण्डारी र विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानको विशिष्ट सदस्य एवम वांगमय प्रेमी सर्जक विदुर सिटौला सम्मानित हुनु भयो ।

प्रमुख अतिथि पूर्व मन्त्री हरिप्रसाद न्यौपानेले बिदेशमा बसेर आफ्नो भाषा,साहित्यलाई जगेर्ना गर्न सांगठनिक रूपमा, व्याक्तिगत रूपमा लागिपरेका स्रष्टाहरूलाई सम्मान गरेर संस्थाले उहांहरूमा हौसला र जांगर थपेको कुरा बताउनु भयो ।

यसैगरि संस्थाका अध्यक्ष गोपीकृष्ण प्रसाईले संस्थाको गतिविधिबारे प्रकाश पार्दै बेलायतको नेपाली डायस्पोरामा नयाँ पिंढीलाई भाषा हस्तान्तरण गर्ने जुन चुनौती छ त्यसको सामना गर्न हाम्रा सर्जकहरू लागिपरेका छन् र यस्तो सत्प्रयासमा जुटेका साथीहरूलाई उर्जा थप्न हामी हरदम तयार छौं भन्दै दुईजना सम्मानित स्रष्टाहरूको संक्षिप्त परिचय पनि प्रस्तुत गर्नु भयो।

बिशेष अतिथि एवम बरिष्ठ कलाकार मदनदाश श्रेष्ठले सम्मानित स्रष्टालाई बधाई दिंदै भाषा साहित्यको अनुरागले आफुलाई संधै तानिरहने र संसारमा जहांपुगेपनि नेपालीहरूको नेपाल प्रेम देखेर आफु भावुक हुने कुरा व्यक्त गर्नु भयो।

अर्का बिशेष अतिथि प्रा. डा पारसमणि भण्डारीले आफ्नो माटोको सुवास र भाषालाई मुटुमा बोकेर हिंड्ने साथीहरूको कदर गरेर यो संस्था अनुकरणीय बनेको कुरा बताउनु भयो । यसैगरी बिशेष अतिथि शिवराम राजवंशीले साहित्य संस्कृतिको उत्थानमा आफु सदैव लागिरहने प्रण गर्नु भयो।

संस्थाकी बरिष्ठ उपाध्यक्ष एवम प्राज्ञ लक्ष्मी उप्रेतीले सम्मानित बहिनी र भाईमा अझ नयाँ उर्जा थपियोस् भन्दै निरन्तर भाषाको समृध्दिमा लगिरहन शुभकामना व्यक्त गर्नु भयो । अतिथिको आसनबाट बोल्दै नोबेल साकोस प्रतिष्ठानका संयोजक राजन न्यौपानेले संसारभरिका नेपालीहरूलाई जोड्ने हाम्रो भाषा र साहित्य यसरी सबल भएको देखेर आफु आल्हादित भएको कुरा व्यक्त गर्नु भयो।

सम्मानित स्रष्टा मन्जु भण्डारीले यो बिशेष सम्मानलाई आफूले सब्दमा व्यक्त गर्न कठिन भएको र यसले वांगमयको क्षेत्रमा अरू धेरै काम गर्न उर्जा थपेको कुरा व्यक्त गर्नु भयो। यसैगरि अर्का सम्मानित स्रष्टा विदुरकान्त सिटौलाले पनि भाषा र साहित्यका लागि निरन्तर लाग्न यस सम्मानले बल प्रदान गरेको छ भन्नु भयो।

कार्यक्रमको आरम्भमा संस्थाका सल्लाहकार एवम पत्रकार लक्ष्मीप्रसाद प्रसाईले आफ्नो सारगर्भित भनाई सहित उपस्थित सबैलाई हार्दिक स्वागत गर्नु भयो।

कार्यक्रममा गोरखापत्र संस्थानका पूर्व नायव महाप्रबन्धक भरत प्रसाई, नोबेल साकोस प्रतिष्ठानका अध्यक्ष सरस्वती गौतम, संस्थाका सल्लाहकार किशोर उप्रेती,संस्थाका सल्लाहकार एवम साहित्यकार बाबा बस्नेत, जेष्ठ नागरिक समाज वडानं२९ का अध्यक्ष ध्रुब केसी, घट्टेकुलो विकास समाजका संस्थापक ध्रुब प्रसाई, पत्रकार यज्ञ ढकालको गरिमामय उपस्थिति रहेको थियो।

संस्थाका कार्यसमिति सदस्यहरू राधिका दाहाल एवम कल्पना प्रसाई पाठकले सुन्दर सृजनाहरू वाचन गर्नु भयो ।संस्थाका महासचिव पुकार तमिल्सिनाले सहज र रोचक ढंगले कार्यक्रम संचालन गर्नु भएको थियो भने कार्यसमिति सदस्य तीर्थराज दाहालले आफ्नो संक्षिप्त भनाई राख्दै कार्यक्रमको बिट मार्नु भयो।

कमलराज प्रसाई,दीपक घिमिरे,रामबहादुर घिसिंग,बुध्दिप्रसाद आचार्य,यादृक्षा उप्रेती,चन्द्र थापा,लोकराज जोशी,देवीदाश भट्टराई,श्यामकृष्ण खड्गी,सम्राट न्यौपाने,हर्क गुरूंग लगायतका साहित्य अनुरागीहरूको उपस्थित र सहयोगले कार्यक्रममा बेग्लै रौनक थपेको थियो ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Gouge = बढी मूल्य असुल्नु Ticket scalpers trying to gouge the public were arrested by the police (दर्शकहरूबाट बढी मूल्य असुल्न खोज्ने टिकट ब्लेकहरू प्रहरीद्वारा गिरफ्तार भए)

Hibernate = जाडो महिनाभरि नै सुत्ने Among the animals bears hibernate (प्राणीहरूमा भालु यस्ता जन्तु हुन जुन हिँउदभरि नै सुत्छन्)

Impair = क्षमतामा ह्रास ल्याउनु Excess drink might impair your stamina (बढी पिउनाले तिम्रो परिश्रम गर्ने क्षमतामा ह्रास ल्याउन सक्छ)

Juxtapose = सँगसँगै राख्नु Comparison is easier if the things to compare are juxtaposed (तुलना गर्नुपर्ने कुराहरू सँगै एक ठाउँमा राखियो भने तुलना गर्न सजिलो हुन्छ)

Kindred = उस्तै उस्तै । उत्तिकै Bob and Robert are two kindred spirit (बब र रोबेर्ट दुबै उत्तिकै फुर्तिला छन्)

Laud = प्रशंसा गर्नु । प्रकाश पार्नु । प्रचार गर्नु Although it was a much lauded production, it could not drive the market (बेस्सरी प्रचार गरिएको भए तापनि यस उत्पादनले बजार लिन सकेन)

Maverick = विद्रोही Politically, he is a maverick (राजनीतिक रुपमा भन्ने हो भने ऊ विद्रोही हो)

Novice = परिपक्व भइनसकेको । नौलो Theoretically he is expert but practically he is not more than a novice (सैद्धान्तिक रुपबाट ऊ आफ्नो क्षेत्रको बिशेषज्ञ नै भए तापनि ब्यावहारिक रुपबाट ऊ अझै परिपक्व भइसकेको छैन)

Officious = सेवा गर्न तत्पर वा उत्सुक Over officiousness might sometimes be interfering (बढी सहयोग गर्ने बानी पनि कहिलेकाहिँ सहयोग नचाहेको अवस्थामा हस्तक्षेपकारी हुन सक्छ)

Penchant = ठूलो झुकाव । हुरुक्क हुनु She has a big penchant for momo (मःमः भनेपछि तिनी हुरुक्कै हुन्छिन)

## Keep बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Keep somebody away from something = कोहीबाट टाढै राख्नु The cold last week kept me away from work गत हप्ताको चिसोले मलाई कामबाट टाढै राख्यो (काम गर्न दिएन) ।

Keep something away from somebody = कोहीबाट टाढै राख्नु Keep lighter away from the children बच्चाबच्चीहरुबाट लाइटर टाढै राख ।

Keep something back = रोक्नु This dam keeps back a huge quantity of water यो बाँधले पानीको ठूलो परिमाण रोक्छ ।

Keep something back = रोक्नु After having heard about the accident she could not keep back her tears दुर्घटनाबारे थाहा पाएपछि उनले आफ्नो आँशु रोक्न सकिनन् ।

Keep something back = लुकाउनु She is not telling the truth rather keeping back something तिनले सत्य बोलिरहेकी छैनन् केही कुरा लुकाइरहेकी छिन ।

Keep somebody back = परै बस्नु Lets keep us back from the crowd हामी भीडबाट परै बसौं ।

Keep down = भूमिगत हुनु As a real revolutionary he keeps mostly down क्रान्तिकारी भएकोले ऊ सधैजसो भूमिगत रहन्छ ।

Keep somebody down = दबाउनु During Rana regime. Nepalese people were kept down राणाकालमा नेपाली जनताहरु दबाइएका थिए ।

Keep down = झुकाउनु While mourning of the state, the flags are kept down राज्यशोकमा झण्डाहरु झुकाइन्छन ।

Keep down = निल्नु The medicine was so bitter, I could hardly keep down औषधी ज्यादै तितो थियो बल्ल बल्ल निले ।

### सुडोकु-अंक १७२

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ४ | ३ | | ६ | ९ | | |
| | | | ८ | | ५ | | | ४ |
| | ८ | | | | | | ७ | |
| | | २ | | | | | | १ |
| ६ | | ८ | | | | ३ | | २ |
| १ | | | | | | ५ | | |
| | २ | | | | | | १ | |
| ३ | | | ५ | | ७ | | | |
| | | ६ | ९ | | १ | ८ | | |

### अंक १७१ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | २ | ५ | १ | ३ | ७ | ८ | ६ | ९ |
| ९ | ७ | ३ | ५ | ६ | ८ | ४ | १ | २ |
| ८ | ६ | १ | ४ | ९ | २ | ७ | ५ | ३ |
| ५ | ९ | २ | ६ | ४ | १ | ३ | ७ | ८ |
| ३ | ८ | ७ | ९ | २ | ५ | १ | ४ | ६ |
| ६ | १ | ४ | ८ | ७ | ३ | २ | ९ | ५ |
| ७ | ३ | ६ | २ | ५ | ४ | ९ | ८ | १ |
| २ | ५ | ८ | ७ | १ | ९ | ६ | ३ | ४ |
| १ | ४ | ९ | ३ | ८ | ६ | ५ | २ | ७ |

गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा,जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# शब्दचित्रमा कञ्चनमणि दीक्षित



**Name**: Kanchan Mani Dixit

**Date of Birth**: April 9, 1970

**Citizenship**: Nepal

**ADDRESS : Kathmandu Nepal, Email:** kanchanmanidixit@gmail.com

**Mobile:** 9841047244

**Academic Qualification**

Master's in Business Administration with Project Management Major Subject Kathmandu University, Lalitpur Nepal, 2014

Bachelors of Science in Biology, ecology and chemistry, University of South Alabama, 1998

Proficiency level in Science in Biology, chemistry, Navarro College, Corsicana, Texas, 1995

Proficiency level in Science in Biology, Patan Multiple College, Lalitpur Nepal, 1992

**Employment History**

July 2019 to date : Executive Director, ISET-Nepal

2018-June 2019 : Deputy Director, ISET-Nepal

2017-2018: Program and Operation Manager/ Unit Head, Publication, Communication and Outreach,

2009-2016: Program Manager, ISET-Nepal, Kathmandu Nepal

2006 – 2008: Researcher, ISET-N, Kathmandu, Nepal

1998 – 2006: Researcher/Coordinator, Nepal Water Conservation Foundation (NWCF), Kathmandu, Nepal

2003 – 2006: Lecturer, Environment Science, Manmohan Memorial College, Kathmandu, Nepal

2000 – 2009: Lecturer, Environmental Education for Bachelors students, Pinnacle Academy, Kathmandu, Nepal

**Professional Background**

**Institute for Social and Environmental Transition-Nepal**

Kanchan Mani Dixit is an acting Executive Director at Institute for Social and Environmental Transition-Nepal(ISET-Nepal). He has different working experience on projects related to water, urban agriculture, disaster and climate change. He has extensively involved in local level interaction programs, field visit and capacity building programs. He supervised and worked on the climate change and ecosystem based adaptation related projects of ISET-Nepal in both rural and urban context. He also supervised and carried out tasks related to Think Tank Grant and Sustainable Think Tank Projectfunded by The Think Tank Initiative, IDRC, Canada. The program includedmanaging infrastructure, conducting research, disseminating research outputs through different mediums in different places, providing grant to Masters level students to conduct thesis, providing grant to explore innovation of Bachelors level students and organizing Graduate Conference on Environmental and Sustainable Development.

The following section outlines his involvement in some of the keyproject:

a. **Political Economy Analysis of Identify Champions for Freshwater Policy Change and Conservation of Aquatic Biodiversity (2018-2019)**

   *Description:ISET-Nepal took the lead in carrying out the study in three river basins of far-west Nepal (Rapti, Karnali and Mahakali) The project is funded by USAID and managed by DAI. The other partners are NITI Foundation and Nepal Energy Foundation. Major responsiblities follows:*

- Project managment
- Communication with partners and donor (DAI)
- Supervise and manage field visits
- Coordinate report preparation

b. **Sustainable Think Tank Project (2018-2019)**

   *Description:ISET-Nepal took the lead in compiling success stories of 14 Think Tanksof South Asia* (7 in India, 2 in Srilanka, 2 in Bangladesh, 2 in Pakistan, 1 Nepal) *who received support from the Think Tank Initiative and print a book. The think tnaks received the support to enhance research quality, strenghten organisational performance and improve policy linkages, communication and outreach. Major responsiblities follows:*

- Communicate with the Think Tanks with the orgnaization on chapters for the book
- Communicate with the Donor and the publisher on the requiremnt
- Edit the chapters received
- Coordinate publication
- Coordinate with CSTEP, a think Tank based in Banglore who is developing a video of the success stories and 2 minute videos of each think tank

c. **Think Tank Initiative Support, November 2010-August 2019**

   *Description:*ISET-Nepal received the Think Tank Initiative support to enhance research quality, strenghten organisational performance and improve policy linkages, communication and outreach. Major responsiblities follows:

- Develop and implement a strategic plan with a strong organisational development component
- Explore the new areas of research
- Update and manage the organisation's information technology infrastructure such as library, database and files
- Design and execute trainings and capacity building of employees
- Coordinate with media to dessiminate research findings
- Provide funding to support to Master's level students
- Manage Abiskar Fellowship, a grant to bachelors level students to test their innovation.
- Organize Graduate Conference, a conference on environment and sustainable development
- Capacity building of teachers of community schools on issues related to climate change and disaster risk reduction
- Office managment
- **Computerization in Nepal: State of Hardware and Software Business (2015-2017)**

  *Description*: This project carried out a survey to understand the hardware and software use and Nepal as well as explored the future computer industry in Nepal. The survey was also accompanied by interview among the ICT experts in the country. This survey was done in collaboration with Computer Action Network Federation (CAN Federation) and JICA Nepal.

Responsibility: Coordinate with CAN to implement the survey, carryout analysis and prepare a report.

***Climate Change Nepali Book*(2017)**

*Description:* The project aimed to develop a book on climate change adaption by capturing good practices and local level stories on adaption. The objective was to simplify the book to the extent that even the common villagers can understand the issues related to climate change adaption. The project was supported by ActionAid.

Responsibility: Team member and one of the authors.

***2015:* Risk Nexus: Urgent case**

**for recovery: what we can learn from the August 2014 Karnali River floods in Nepal (2015)**

*Description:* The study attempted to deconstruct the Karnali Floods of August 2014 and identify opportunities for improving flood risk and disaster management as a whole in Nepal. The lesson learnt from this study was aimed to bridge the gap between the similar kind of devastation in form of Earthquake that shook the capital Valley in 2015. The lesion would also be helpful to Nepal builds back in ways that are well-focused, better and more resilient documented risk and vulnerability of the people living in Karnali basin. This study was carried out in partnership with ISET-I and Zurich Insurance.

***Study of Moringa (2014)***

*Description:* ISET-Nepal commissioned a study on the Morringa plant that may have the potential for sustainable livelihood in rural Nepal. Researchers visited research institutes (including universities) and plantations in India and Nepal to obtain better insights into the possibility of promoting this plant to a wider section of people especially in Tarai region of Nepal. Kanchan Mani Dixit is one of the team members of the study team from ISET-Nepal.

***Integrating Urban and Peri – Urban Agriculture and Forestry in City Climate Change Strategies, (April 2013-December 2013)***

*Description:* The main objective of this study is to monitor the impact of the Urban and Peri-Urban Agriculture and Forestry (UPAF) pilot project in Kathmandu on climate change mitigation, adaptation and co- benefits. The study involves collection of the data on the co-benefits of the roof top farming like ambient temperatures, reducing storm water runoff and enhancing infiltration, reducing energy use by lowering food miles, replacing fertilisers by composted organic wastes and lowering vulnerability of urban poor. Other purpose is to provide feedback on local adaptation of the monitoring and scenario development guidelines and tools that is being developed by RUAF Foundation. One of the major parts of the project is to engage with Kathmandu Metropolitan City (KMC) officials in integrating UPAF in climate change and development plans.

*Roles and Responsibilities:*

- Supervise field activites of the project and research
- Collaborate with others during report preparation
